
# लेखापरीक्षण प्रतिवेदन

# शैल्यशिखर नगरपालिका, दार्चुला

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## शैल्यशिखर नगरपालिका, दार्चुला

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/259

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

सुदूरपश्चिम प्रदेश

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
शैल्यशिखर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दार्चुला।

**कैफियतसहितको राय**

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचितकोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचितको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रु.९ करोड ८५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.३९ लाख २४ हजार र स्थानीय तह भवन पूर्वाधार विकास कार्यक्रमको रू.३० लाख समेत गरी रु.९ करोड ७० लाख ९ हजार समावेश गरेको छैन।
२. पालिकाको रू.१ अर्ब २४ करोड ९० लाख ८७ हजारको लेखापरीक्षण गरिएकोमा रू.४ करोड ४७ लाख ४ हजार ( ३.५७ प्रतिशत ) बेरुजू देखिएको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि रु.९२ हजार बेरुजु प्रतिक्रियाबाट फछ्यौंट भई रू.४ करोड ४६ लाख १२ हजार बाँकी रहेको छ ।उक्त बाँकी वेरुजु मध्ये असुल गर्नुपर्ने रू.५९ लाख ७० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड १६ लाख २१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४४ लाख २३ हजार र पेस्की बाँकी रु.२५ लाख ९८ हजार रहेको छ। रहेको छ। गत वर्षसम्म रु.४९ करोड ४० लाख ४१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक

बेरुजु रु. ५३ करोड ८५ लाख ५२ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षण प्रतिवेदनमा स्रोत साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार राजस्व असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास- निर्माण र सेवा प्रवाहमा असर परेको, विभिन्न शीर्षकमा प्रदान गरिएको अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरकार्यपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोबारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | साेधभर्ना नलिएका | जम्मा | पेश्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८० | १८४ | ४,४७,०४,४१६ | ० | ४ | ९२,१८१ | ० | ८० | १८० | ४,४६,१२,२३६ | ५९,७०,००४ | १,४४,२२,७८१ | २,१६,२०,९०१ | ० | ० | ३,६०,४३,६८० | २५,९८,५५० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दार्चुला | ४९,४०,४१,००० | ० | १०,८७,२५० | ४९,२९,५३,७५० | ९८६९५० | ४,४६,१२,२३६ | ५३,८५,५२,९३६ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | २ | पदाधिकारी दोहोरो सुविधा | २७,००० |
| २ | २०७९/८० | १५ | भ्रमण खर्च | १०,६०,२५० |
| ३ | २०८०/८१ | 25 | दोहोरो सुविधा | ३०,००० |
| ४ | २०८०/८१ | 27 | बढी तलब भुक्तानी | ४३,७४८ |
| ५ | २०८०/८१ | 48 | वडा सचिवलाई संचार खर्च | १७,१०० |
| ६ | २०८०/८१ | 59.२ | लगत कट्टा | १,३३३ |
| जम्मा | | | | ११,७९,४३१ |

# (८०७७३४०२३०० - शैल्यशिखर नगरपालिका, दार्चुला)

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा, ११७.८१ वर्ग किलोमिटर क्षेत्रफल तथा २१८०७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०६।०८ देखि २०८१ ।०६।०८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - आय - व्ययतर्फ गरी जम्मा रु.१ अर्ब २४ करोड ९० लाख ८७ हजार ५५१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२,४८,९६४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| कार्यक्रम/ब.उ.शी.नं. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| रोजगार तर्फ | कर कट्टी | १३५० | २०८१।०६।०५ | राष्ट्रिय वाणिज्य बैङ्क |
| कार्यक्रम | कर कट्टी | १५०० | २०८१।०६।१० | ने. ई. मे. बैङ्क |
| कोभिड कार्यक्रम | बढी भुक्तानी | २२५९६ | २०८१।०६।१० | राष्ट्रिय वाणिज्य बैङ्क |
| राजश्व दाखिला | घटी दाखिला | ३९८७ | २०८१।०६।०७ | ने. ई. मे. बैङ्क |
| राजश्व दाखिला | घटी दाखिला | १९५५ | २०८१।०६।०७ | ने. ई. मे. बैङ्क |
| राजश्व दाखिला | घटी दाखिला | १६०७५ | २०८१।०६।०८ | ने. ई. मे. बैङ्क |
| तलब | बढी भुक्तानी | १४८५० | २०८१।०६।१० | ने. ई. मे. बैङ्क |
| महंगी र स्थानीय भत्ता | भत्ता | १०१७३७ | २०८१।०६।१० | ने. ई. मे. बैङ्क |
| तलब | बढी भुक्तानी | ४४२५८ | २०८१।०६।११ | ने. ई. मे. बैङ्क |
| तलब | बढी भुक्तानी | ४०६५६ | २०८१।०६।११ | ने. ई. मे. बैङ्क |
| जम्मा | | २,४८,९६४ | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|
| | नगद | जम्मा | नगद | जम्मा |
| | | | | |
| कर | 81408254.51 | 81408254.51 | 86893279.2 | 86893279.22 |
| अनुदान | 419298314.5 | 419298314.5 | 441574548 | 441574548 |
| अन्य राजस्व | 5554045.16 | 5554045.16 | 2585171 | 2585171 |
| विविध प्राप्ति | 525400 | 525400 | 185678.5 | 185678.5 |
| कुल जम्मा प्राप्ति | 506786014.2 | 506786014.2 | 531238677 | 531238676.7 |
| चालु | 396810503.3 | 396810503.3 | 440479841 | 440479841 |
| पारिश्रमिक / सुविधा | 237473458.9 | 237473458.9 | 226582890 | 226582890.3 |
| मालसामान तथा सेवाको उपयोग | 142692136 | 142692136 | 155922538 | 155922538.5 |
| सहायता (Subsidy) | 4195000 | 4195000 | 26778880 | 26778880 |
| अनुदान | 0 | 0 | 282000 | 282000 |
| सामाजिक सुरक्षा | 6649910.34 | 6649910.34 | 23978632.3 | 23978632.31 |
| अन्यखर्च | 5799998 | 5799998 | 6934900 | 6934900 |
| पूंजीगत | 113373907.1 | 113373907.1 | 102576531 | 102576530.9 |
| भवन तथा संरचना | 22749753.31 | 22749753.31 | 10372556.8 | 10372556.75 |
| सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | 2164584 | 2164584 | 11574145.3 | 11574145.29 |
| अन्य पूँजीगत खर्च | 496395.07 | 496395.07 | 0 | 0 |
| सार्वजनिक निर्माण | 87172899.59 | 87172899.59 | 78045895.6 | 78045895.56 |
| निर्मित सरचनाको सुधार खर्च | 249515.88 | 249515.88 | 2583933.28 | 2583933.28 |
| पूँजीगत सुधार खर्च | 540759.22 | 540759.22 | 0 | 0 |
| कुल जम्मा भुक्तानी | 510184410.3 | 510184410.3 | 543056372 | 543056371.9 |
| बचत /कमी (ग = क-ख ) | -3398396.16 | -3398396.16 | -11817695 | -11817695.24 |
| धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | 196861.56 | 196861.56 | -222985.94 | -222985.94 |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | -144239.65 | -144239.65 | -6636 | -6636 |
| यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | -3201534.6 | -3201534.6 | -12040681 | -12040681.18 |
| गत आ.व.को नगद तथा बैंक मौज्दात | 14758318.57 | 14758318.57 | 26798999.8 | 26798999.75 |
| विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | |
| आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज=ङ+च+छ) | 11556783.97 | 11556783.97 | 14758318.6 | 14758318.57 |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले अन्तर सरकारी अख्तियारी अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९००८५७७७.००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३९२३९६८.००,र स्थानीय तह भवन पूर्वाधार विकास कार्यक्रमको रु. ३०००००० .०० समेत गरी रु. ९७००९७४५.०० सुत्रमा लेखाङ्कन गरेको छैन। सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ६६३६.००, यस वर्षको प्राप्ति रु. ९७००९७४५.००, यस वर्षको भुक्तानी रु. ९६८६५५०५.३५ र बैङ्क मौज्दात रु. १४४२३९.६५ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| **विवरण** | **गत वर्षको जिम्मेवारी** | **यस वर्षको प्राप्ति** | **यस वर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | 14758318.57 | 526008700.86 | 529210235.46 | 11556783.97 |
| एकीकृत आर्थिक विवरणअनुसार | 14764954.57 | 623011809.86 | 626075740.81 | 11701023.62 |
| फरक | 6636.00 | 97009745.00 | 96865505.35 | 144239.65 |

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रेस्ता अनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.** |
|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ८७६८७६३.७४ | ८७६८७६३.७४ |
| चालु खर्च खाता विजोर वर्ष | ६७५.१५ | ६७५.१५ |
| विविध खर्च खाता | ६६६४९२.०० | ६६६४९२.०० |
| स्थानीय तह धरौटी खाता | २१२०८५३.०८ | २१२०८५३.०८ |
| जम्मा | ११५५६७८३.९७ | ११५५६७८३.९७ |

पालिकाले चालु खर्च खाता विजोर वर्षमा मौज्दात रहेको रकम रु.६७५.१५ संघीय सञ्चित कोषमा मिति २०८१/४/२८ मा जम्मा गरेको छ ।

३ **कर दायित्व**

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. १४४२३९.६५ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४४,२३९.६५ |

४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

५ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | 33165000.00 | 30949772.65 | 6.07 |
| २ | पूर्वाधार विकास | 96086972.00 | 71218982.18 | 13.96 |
| ३ | सामाजिक विकास | 311494127.00 | 290868733.45 | 57.01 |
| ५ | सुशासनतथा अन्तरसम्वन्धित क्षेत्र | 8336580.00 | 7641015.09 | 1.50 |
| ६ | कार्यालय संचालन तथा प्रशासनिक | 140773321.00 | 109505906.95 | 21.46 |
| जम्मा | | 589856000.00 | 510184410.32 | 100.00 |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५७. ०१ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १.५० प्रतिशत रहेको छ ।

६ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण

अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| **क्र.स** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च रकम रु.हजारमा** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **आषाढ महिना** |
| | पुँजीगत खर्चतर्फ | ११३३७४ | १५००० | १३३२७ | २२२८७ | ६२७६० | ४८९५७ |
| | प्रतिशत | | १३.२३ | ११.७६ | १९.६६ | ५५.३५ | ४३.१८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.११ करोड ३३ लाख ७४ हजार निकाशा भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड ५० लाख अर्थात १३.२३ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. १ करोड ३३ लाख २७ हजार , अर्थात १९.३६ प्रतिशत र तेश्रो त्रैमासिकमा रु. २ करोड २२ लाख ८७ हजार , अर्थात १९.६६ प्रतिशत र चौथो त्रैमासिकमा रु. ६ करोड २७ लाख ६० हजार अर्थात ५५.३५ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. ४ करोड ८९ लाख ५७ हजार अर्थात ४३.१८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

## ८ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०/८१ मा निम्नअनुसार ९ वडाको लागि ५२ वडागत र पालिकास्तरका ७६ समेत कुल १२८ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५ लाखभन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ७६ | १२ | १६ | ४८ |
| २. | वडास्तरीय | ५२ | - | १७ | ३५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित १२८ योजना मध्ये १२६ योजनामात्र कार्यान्वयन भई २ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

## ९ खर्च बिश्लेषण

पालिकाले गत वर्षको जिम्मेवारीबाट रु. १४७५८३१८.५७, यसवर्ष कुल आन्तरिक आयबाट रु. ४६९५२१२.००, राजस्व बाँडफाँडबाट रु. ८२७९२४८७.६७, संघीय सरकार अनुदानबाट रु. ४०७७१४०३९.०० प्रदेश सरकार अनुदानबाट रु. २३४८१२३६.०० समेत रु. ५३३४४१२९३.२० आम्दानी भएकोमा चालु तर्फ रु. ३९६८१०५०३.२५ र पुँजीगत तर्फ रु. ११३३७३९०७.०७ समेत रु. ५१०१८४४१०.३२ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९२ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुविधामा रु.१०८००५००.०० खर्च भएको छ जुन आन्तरिक आयको २३०.९३ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.७८ प्रतिशत चालु र २२.२२ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले विकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१० **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।७ मा रु. ५८ करोड ८३ लाख ९७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

११ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु. ८३१२७७२.०० भुक्तानी दिएको छ।

१२ **तलवी प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गत कर्मचारीहरुको बार्षिक तलवी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट र निजामती कर्मचारीको तलवी प्रतिवेदन निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्ननुपर्ने ब्यवस्था रहेको छ । यस बर्ष पालिकाका कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलव भत्तामा खर्च रु १,६३,५९,००० गरेको छ । यसरी तलवी प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । कानुनी व्यवस्था अनुसार तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुर्दछ।

१३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी कार्यपालिकाले अस्थायी दरवन्दी भनी प्रमुख प्रशासकीय अधिकृत सहित १८९ दरबन्दी स्वीकृत गरेकोमा लेखापरीक्षण अवधि सम्म १०४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सहायक प्रा.स., स. इन्जीनियर, सहित ८५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१४ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु.८२,२९,००० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन साथै कार्यबोझको आधारमा O&M गरी कानुन बमोजिम पारदर्शि हिसावले मात्र कर्मचारी नियुक्ति गर्नुपर्नेमा सो वेगर कर्मचारी करारमा नियुक्ती गरी खर्च लेखेको देखियो ।

| पद | नियुक्ति संख्या | तलब भत्ता रु |
|---|---|---|
| ईन्जिनियर | १ | ५८५००० |
| स. ईन्जिनियर | ३ | ११७०००० |
| अ. स. ईन्जिनियर | २ | ४६८००० |
| योजना सहायक | १ | २३४००० |
| खा.पा.से.टे. | १ | ३९०००० |
| सहायक कम्प्युटर अपरेटर | १३ | ३०४२००० |
| ना प्रा सा | ५ | ११७०००० |
| कृषि चौथो | ६ | १४०४००० |
| जम्मा | | ८२२९००० |

१५ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरुी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले वित्तीय समानीकारण अनुदानको रकमबाट ट्रान्सफर गरेको रु.१० लाख प्राविधिक सहायक धरम सिंह धामी कर्मचारीलाई अवकाश भए वापत रु.११९५२३० भुक्तानी गरेको छ । कोष संचालन सम्बन्धी कानुनको व्यवस्था पालिकाले गरे तापनि स्थानीय सरकार स्चालन ऐनले व्यवस्था गरे वमोजिम खाइपाई आएको तलवबाट नभई अनुदान रकमबाट कट्टा गरी ट्रान्सफर गरेको रकमबाट खर्च गर्नु उचित देखिएन । यस्तो खर्च कानूनद्वारा व्यवस्थित गर्नुपर्दछ।

१६ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु. ५९६३९५.०० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ४६९५२१२.०० को १२.७० प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१७ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष मित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा पालिकालेल साउन १५ मात्र ट्रान्सफर गरेको छ ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।

• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।

• कतिपय सड़क तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।

• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय | प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन | लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन ।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन ।

• पालिकाले चल अचल सम्पति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पतिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वियन भएको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### १८ आन्तरिक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

### १९ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले गत वर्षसम्म ८ वटा ऐन, ७ वटा नियमावली, २१ कार्यविधि निर्देशिका ३ र मापदण्ड ६ लगायत ४५ वटा कानुन यस वर्षसम्म २ वटा ऐन, ० वटा नियमावली, ८ कार्यविधि निर्देशिका १ लगायत ११ समेत ५६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। साथै पालिकाले यस वर्ष सम्म ५६ वटा कानूनहरु निर्माण गरी सभाबाट स्वीकृत गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याएको छ ।

### २० न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस ६ वटा मुद्दा दर्ता भएकोमा २ वटा मुद्दा जिल्ला अदालत पठाएकोमा ४ वटा फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो गरी फछ्र्यौट भएको छैन।

### २१ आन्तरिक आयः

२१.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका

तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५१०१८४४१०.३५ | ४६९५२१२.००, | ०.९२ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९२ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२१.२ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | असुली |
|---|---|
| सम्पती कर | ३०४७३३.०० |
| भुमिकर/ मालपोत | ६३५३५५.०० |
| वहाल कर | १६८२४०.०० |
| साना सवारी साधन कर | १०००`००.०० |
| व्यवसायले भुक्तानी गर्ने कर | २४००००.०० |
| व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने कर | ४००००.०० |
| अन्य कर | ९७०८३२.८० |
| न्यायिक दस्तूर | २०६००.०० |
| शिक्षा क्षेत्रको आम्दानी | २००००.०० |
| परीक्षा शुल्क | ४००००.०० |
| अन्य प्रशासनिक सेवा शुल्क | १३००००.०० |
| नक्शा पास दस्तुर | २६२७५२.०० |
| सिफारिश दस्तुर | ५०६२५०.०० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २६३३००.०० |
| नाता प्रमाणित दस्तुर | १५४८७५.२० |
| अन्य दस्तुर | ८२२८०.०० |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ७००००.०० |
| धरौटी सदरस्याहा | ४२०००.०० |
| अन्य राजस्व | ११८५९४.०० |
| बेरूजू | ५२५४००.०० |
| घर जग्गा रजिष्ट्रेसन दस्तुर | २६९६54.४० |
| बाँडफाँटबाट प्राप्त हुने सवारी कर | ४३३९७६८.९२ |
| बाँडफाँटबाट प्राप्त हुने मुल्य अभिवृद्धिकर | ५१२४४७१८.१४ |
| बाँडफाँटबाट प्राप्त हुने अन्तशुल्क | २३३६४६०६.६५ |
| बाँडफाँटबाट प्राप्त हुने वन रोयल्टी | ४६९९१८.२२ |
| बाँडफाँटबाट प्राप्त हुनेविद्युत वापतकोरोयल्टी | ३३७३४७५.७४ |
| जम्मा | ८६२७९३७१.६७ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२१.३ **आय अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत आय प्रक्षेपण गरेको छैन। आर्थिक वर्ष २०८०।८१ मा रु.

८७४८७६९९.६७ आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ
।

२१.४ **राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही नियम अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ।कार्यालय अन्तर्गत ५ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छ ।

| वडा नं. | कुल संकलित रकम | बैंकमा जम्मा भएको रकम | दाखिला हुन बाँकी रकम |
|---|---|---|---|
| पालिका | 2602944 | 2602944 | 0.00 |
| १ | 249746.00 | 249746.00 | 0.00 |
| २ | 194611.00 | 194611.00 | 0.00 |
| ३ | 98650.00 | 98650.00 | 0.00 |
| ४ | 206977.00 | 206977.00 | 0.00 |
| ५ | 227129.00 | 227129.00 | 0.00 |
| ६ | 257925.00 | 257925.00 | 0.00 |
| ७ | 159572.00 | 159572.00 | 0.00 |
| ८ | 192943.00 | 192943.00 | 0.00 |
| ९ | 504715.00 | 504715.00 | 0.00 |
| जम्मा | 4695212.00 | 4695212.00 | 0.00 |

यस वर्षको आम्दानी रु.७६५५०.००आर्थिक वर्ष २०८१/८२ मा लेखाङ्कन भएकोले माथि तालिकामा समाबेस गरिएको छैन ।

२१.५ **असुली राजस्व ढिलो बैंक दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसरी दाखिला नगरेमा २५ प्रतिशत सम्म जरिवाना लगाउने व्यवस्था छ। पालिका भित्रका ९ वडाहरुमध्ये नमुना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा गरी निम्नानुसारको मितिमा असुली भएकोमा गरी निम्नानुसारको मितिमा मात्र दाखिला भएको पाइएकोले तोकिएको मितिमा दाखिला हुनुपर्दछ।

| वडा नं. | असुली मिति | असुली रकम | दाखिला मिति | दाखिला रकम |
|---|---|---|---|---|
| २ | २०८० श्रावण देखि २०८० पुष मसान्तसम्म | ६८८००.०० | २०८०/१०/३ मा | ६८८००.०० |
| ३ | २०८० श्रावण देखि २०८० पुष मसान्तसम्म | ४०२००.०० | २०८०/११/९ मा | ४०२००.०० |
| ७ | २०८० श्रावण देखि २०८० फागुन १३सम्म | ६५५००.०० | २०८०/११/१३ मा | ६५५००.०० |
| ७ | २०८० फागुन १३ देखि २०८१ जेठ १सम्म | १४९१८.०० | २०८१/२/१ मा | १४९१८.०० |
| ८ | २०८० श्रावण देखि २०८० माघ २९ सम्म | ८२७४५.०० | २०८०/११/४ मा | ८२७४५.०० |
| ८ | २०८० फागुन १ देखि २०८१ बैसाख ३१ सम्म | २७१११.०० | २०८१/२/१३ | २७१११.०० |
| | जम्मा | २९९२७४. | | २९९२७४. |

## २२ पेश्की बाँकी

२२.१ **म्याद नाघेको पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई रु २५ लाख ९८ हजार ५५० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको नियमानुसार म्याद नाघेको पेश्की फस्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नपर्ने रु

| क्रस | पेश्की पाउने | म्याद नाघेको पेश्की |
|---|---|---|
| १ | गोकुलेश्वर सभाहल निर्माण उ.स. | २१४५००० |
| २ | दुर्गा भवानी ट्रेडर्स एण्ड अनिता निर्माण एण्ड ढुवानी सेवा | ४५३५५० |
| | | २५९८५५० |

| | |
|---|---|
| पेश्की | २५,९८,५५० |

२२.२ **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष २ निर्माण व्यवसायीमा रु.२२०००००० पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट गर्नुपर्दछ ।

| क्रस | पेश्की पाउने | म्याद ननाघेको पेश्की |
|---|---|---|
| १ | चाँदनी।नमस्कार जे.भी | २००००००० |
| २ | नमस्कार निर्माण तथा ढुवानी सेवा | २०००००० |
| | | २२०००००० |

## २३ दरबन्दी भन्दा बढी कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरवन्दी भन्दा बढी देहायका पदमा निम्नानुसार कर्मचारी

नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको पाइयो। दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन। जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलब्धिमा समेत नकारात्मक असर पर्दछ। स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| पदको नाम | स्वीकृत दरवन्दी | पदपूर्ति (स्थायी र करार) | दरबन्दी भन्दा बढी पदपूर्ति | तलव भत्ता भुक्तानी |
|---|---|---|---|---|
| बाल संरक्षण निरीक्षक | ० | १ | १ | ३९०००० |
| पशु चौथो | ४ | ८ | ४ | ९३६००० |
| वडा नं ४ को का स | २ | ३ | १ | १५६००० |
| वडा नं ५ र ८ को वैध | ० | २ | २ | ४६८००० |
| वडा नं ६ को का स | २ | ५ | ३ | ४६८००० |
| वडा नं ८ कार्यक्रम सहजकर्ता | ० | १ | १ | २३४००० |
| | | | | २६५२००० |

| | |
|---|---|
| अनियमित भएको | २६,५२,००० |

२४ **करार कर्मचारीको महंगी र स्थानीय भत्ता**

नेपाल सरकारको अर्थमन्त्रालय मिति २०७९।१।२१ परिपत्रअनुसार करारको कर्मचारीलाई महंगी भत्ता पाउने व्यवस्था छैन । साथै पालिकाले करार सम्झौता गर्दा स्थानीय भत्ता दिने सम्झौता नरहेकोमा पालिकाले देहायको करार कर्मचारीलाई महंगी भत्ता र स्थानीय भत्ता भुक्तानी गरेको छ । परिपत्र र सम्झौता विपरीत भुक्तानी भएको रु. २८००० महंगी भत्ता र स्थानीय भत्ता वापत रु १०००५२ सम्बन्धित कर्मचारीबाट रु. १२८०५२ (कर कट्टी पश्चात) असुल हुनुपर्ने रु

| कर्मचारीको नाम | अवधि | महंगी भत्ता | स्थानीय भत्ता | जम्मा भुक्तानी रकम |
|---|---|---|---|---|
| भरत सिंह विष्ट | ८ महिना | १६००० | ६१६८० | ७७६८० |
| विरभद्र जोशी | ६ महिना | १२००० | ३८३७२ | ५०३७२ |
| | | | | १२८०५२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२८,०५२ |

२५ **दोहोरो सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ संशोधन २०७७ को दफा नं.३ अनुसार पदाधिकारी तथा सदस्यले अनुसुची बमोजिमको रकममा नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था भएकोमा पालिकाले पदाधिकारी सुविधा भुक्तानी गर्दा देहायको पदाधिकारीले सवारी साधन लिएको अवस्थामा यातायात खर्च सुविधा दिन नमिल्नेमा दोहोरो सुविधा भुक्तानी भएकोले असुल उपर हुनुपर्ने रु.

| पदाधिकारीको नाम | पद | मासिक दर | महिना संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|
| प्रजे ओड | वडा सदस्य | ५०० | १२ | ६००० |
| | | | | ६००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

२६ **पदाधिकारि सेवासुबिधा**

स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ३ मा स्थानिय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धीत सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ। पालिकाले यो बर्ष पदाधिकारीको बार्षिक पारिश्रमिक सुविधामा रु. १,२५,११,००० खर्च लेखेको देखिन्छ। उक्त खर्च पालिकाको यो बर्षको आन्तरिक आय रु ४६,९५,२१२ को तुलनामा २६६.४६ प्रतिशत रहेको देखिन्छ। उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजस्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ। तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ।

२७ **बढी तलब भुक्तानी**

पालिकाको करार कर्मचारीहरु तलबभत्तामा एकरुपता ल्याउन मिति २०८०।०६।२८ को बैठकमा नगर कार्यपालकाको निर्णय नं ५ बमोजिम तलबभत्ताको दर छैटौ तहको ३००००, पाँचौ तहको २००००, चौथो तहको १८०००, का सको १२००० तोकेकोमा मिति २०८०।०८।०१ देखि लागुहुने गरी निर्णय गरेको देखिन्छ। पालिकाका देहायका कर्मचारी बाहेक अरु सबै कर्मचारीहरुमा लागु भएको देखिएकोमा यी कर्मचारीमा लागु नहुनुको प्रमाण पेश नभएकोले निर्णय भएको दर भन्दा बढी दरमा तलब भुक्तानी भएकोले बढी भुक्तानी रु.१३२२६४ (कर कट्टी पश्चात) सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| कर्मचारीको नाम | पद | तलब | बढी तलब दर | महिना | कर कट्टी पश्चात भुक्तानी रकम |
|---|---|---|---|---|---|
| राजेन्द्र प्रसाद विष्ट | पाँचौ | ३४७३० | १४७३० | ३ | ४३७४८ |
| ईन्द्र सिंह धामी | चौथो | ३२९०२ | १४९०२ | ३ | ४४२५८ |
| मनोरथ विष्ट | चौथो | ३२९०२ | १४९०२ | ३ | ४४२५८ |
| | | | | | १३२२६४ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **४३,७४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३२,२६४ |

२८ **कानुनी सल्लाकार**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव तथा सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । कानुनले ब्यबस्था गरेको भन्दा भिन्न तरिकाले तथा O&M नगरी कानुनी सल्लाकारका रुपमा मनोरथ जोशीलाई नियुक्ती रु. ५८५००० खर्च गरेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,८५,००० |

२९ **आवास सुविधा**

सुदुरपश्चिम प्रदेशका स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धि ऐन २०७५ मा नगरप्रमुख उपप्रमुख लगायतलाई आवास सुविधा उपलब्ध गराउने व्यवस्था देखिदैन । तर नगरपालिकाले प्रमुख र उपप्रमुखलाई आवस उपलब्ध गराई नियमित रुपमा घर भाडा वापत रु ४८०००० घर धनीलाई भुक्तानी गरेको देखियो । कानुनमा उल्लेख नभएको सुविधा उपलब्ध गराएकोले अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,८०,००० |

३० **लागत अनुमान तयार नगरेको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम एक लाखभन्दा माथिको खरिद वा निर्माण कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्दछ। पालिकाले देहाय बमोजिमको कार्यक्रम भुक्तानी एवम् खरिदमा लागत अनुमान तयार नगरी रु. २६९१७५।०० को खरिद कार्य गरेको देखियो। पालिकाले विगत वर्षमा पनि यस्तो कार्यक्रम सञ्चालन गरेको देखिएकोमा यस कार्यक्रमबाट उपलब्धि सम्बन्धि प्रमाण पेश भएन साथै पालिकाका कर्मचारीबाट सञ्चालन गरी खर्च गरिएकोमा उक्त खर्च मितव्ययी र नियमसम्मत देखिएन। लागत अनुमान तयार गरी मात्र खरिद प्रकृया सुरु गर्नुपर्दछ।

| भौ.नं/ मिति | कार्यक्रम | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ४९१-०८१।०३।२३ | विधालय स्तरीय सचेतना कार्यक्रम | निर्मला लुहार | २६९१७५ |

३१ **अनुत्पादक खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययिता सम्बन्धि मापदण्ड तर्जुमा गरी लागु गरेको छैन । कार्यालयले शुभकामना आदान प्रदान, स्वागत, बिदाई जस्ता कार्यक्रम राखी निम्न अनुसार रु. ३०६०५५। खर्च गरेको छ। यस्तो अनुत्पादक, प्रतिफल बिहिन खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| भौचर नम्बर, मिति | भुक्तानी पाउनेको नाम | कार्यक्रम | खर्च विवरण | बजेट खर्च |
|---|---|---|---|---|
| ३८५/ ०३।१६ | कृष्ण दत्त जोशी | कर्मचारी बिदाई कार्यक्रम | खाना खाजा | ५०००० |
| ४६३/ ३।२४ | विष्णु जोशी | गलैनाथ मा वि भवन निर्माणको शिलान्यास कार्यक्रम | खानाखाजा, मसलन्द सामाग्री | २५६०५५ |
| | | | | ३०६०५५ |

३२ **बालबालिका सहयोग कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न अपाङ्ग, टुहरा बालबालिकालई सहयोग भत्ता वापत रु १००००० वितरण गर्दा कार्य सञ्चालन निर्देशिका नरहेको, लाभग्राही छनौटको आधार प्रमाण नदेखिएको, सम्वन्धित लाभग्राहीको खातामा रकम भुक्तानी नभई वडा सचिव रमेश राज विष्टलाई एकमुष्ट भुक्तानी भएकोले वास्तविक लाभग्राहीले लाभ पाए नपाएको तथा पालिकावाट कुनै अनुगमन प्रतिवेदन पेश नभएकोले अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

३३ **खेलकुद प्रतियोगिता** (१५०-२०८०-१०-११):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले भलिबल प्रतियोगिताका लागि मुकेश पाललाई रु ३०७८०० भुक्तानी भएको देखिन्छ। प्रतियोगिताको लागत अनुमान, खेलाडी संख्या, प्रशिक्षक संख्या, प्रतियोगिता सञ्चालनको फोटो, पुरस्कार तथा प्रमाण पत्र वितरणको कागजात, सामान खरिद लगायतका विषयहरु सम्वन्धी प्रमाण कागजातहरु पेश नभएकोले तथा अस्वभाविक रुपमा खर्च लेखेकोले उल्लेखित प्रमाणित कागजात पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०७,८०० |

३४ **नर्म्स भन्दा फरक खर्च**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को दफा नं. ७.१.१५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिम सेमिनामा नगरपालिकास्तरको कार्यक्रम संचालन गर्दा कार्यपत्र वापत रु १०००।, मसलन्द खर्च प्रति सहभागी रु ७५।, दैनिक सहभागी भत्ता २१ दिन सम्मको रु ७००। प्रति दिन, खाजा खर्च रु २००। प्रति दिन तथा सहभागी आतेजाते गर्न सक्ने भएमा गाडीभाडा उपलब्ध गराउने अधिकतम २०० सम्म उल्लेख छ। पालिकाले देहाका कार्यक्रमा नर्म्स भन्दा फरक तथा बढी खर्च रु १९६६०२ गरेकोले सम्वन्धितवाट असुल हुनुपर्ने रु

| भौचर नं | विवरण | रकम |
|---|---|---|
| ३१३ | पालिकाले बजेट निर्माण र योजना तर्जुमा सम्वन्धी कार्यक्रमका लागि वर्ल्ड विजिनेस प्लाटफर्म प्रा लि संग सम्झौता गरी २९८००० भुक्तानी गरेको देखिन्छ।नर्म्समा उल्लेखित अनुसार स्टेशनरीमा रु ७५ को दरले दिनुपर्नेमा रु १५० दरले भुक्तानी गर्दा ७०जना* रु ७५ गर्दा बढी भुक्तानी रु १०५००, खाजाखानामा रु २०० को दर दिनुपर्नेमा ४०० को दरले भुक्तानी गरेकोले ७० जना * रु २०० गर्दा बढी भुक्तानी रु १४०००, स्रोत व्यक्ति/ प्रशिक्षक रु १६०० दरले २ जनाको २ दिनको रु ६४०० हुनुपर्नेमा रु ९५००० एकमुष्ट भुक्तानी भएकोले बढी भुक्तानी रु ८८६०० गरी जम्मा नर्म्स भन्दा बढी भुक्तानी रु ११३१०० भएकोले असुल गर्नुपर्ने रु | ११३१०० |
| ३२१ | पालिकाले वि.व्य.स/ शि.अ.स तथा प्रधानध्यापक बैठकमा ३ दिने अन्तरक्रिया कार्यक्रमको लागि शारदा खडायतलाई रु १२७७४५ भुक्तानी भएकोमा ३ दिनमा जम्मा उपस्थित संख्या १८१ रहेकोमा खाजाखानामा रु २०० को दरले खर्च गर्नुपर्नेमा रु ३७५ को दरले खर्च गर्दा बढी खर्च रु ३१६७५ र स्टेशनरीमा रु ७५ को दरले गर्नुपर्नेमा रु ११७ दरले खर्च गर्दा बढी खर्च रु ७६०२ गरी जम्मा बढी खर्च रु ३९२७७ भएकोले असुल गर्नुपर्ने रु | ३९२७७ |
| ४१७ | पालिकाले राजश्व सुधार सम्वन्धी १ दिने अन्तरक्रिया कार्यक्रमका लागि मनोरथ विष्टलाई रु १०००००भुक्तानी भएकोमा पालिका भवनको हलमा कार्यक्रम सञ्चालन गरी जनप्रतिनिधि १६ जना र कर्मचारी ३७ जनालाई बैठक भत्ता वापत रु १००० का दरले रु ५३००० वितरण गरेको र साथै कार्यालय भवनमा सञ्चालन गरी रु ३००० हल भाडा भुक्तानी भएको देखिन्छ। कार्यालय समयमा र कार्यालय भवनमै सञ्चलान वापत बैठक भत्ता दिन नमिल्नेमा दिएकोले भुक्तानी भएको सम्वन्धीत जनप्रनिधि र कर्मचारीवाट कर बाहेक रु ४१२२५ भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | ४४२२५ |
| | | १९६६०२ |

| असुल गर्नुपर्ने | १,९६,६०२ |
|---|---|

३५ **विउविजन वितरण** (४२३-२०८१-३-१९):

पालिकाले यस वर्ष विभिन्न प्रकारका तरकारी बिउँबिजन वितरण कार्यक्रममा रु २,८४,००० मा खर्च गरेको छ । यसरी बितरण गर्दा कार्यालयको क्षेत्रभित्र कृषि कार्यमा संलग्न सबै कृषकहरु मध्येबाट केही कृषक पटक पटक नदोहोरिने गरी तथा सबै कृषकलाई लाभको वितरण समानुपातिक तथा औचित्यपूर्ण तबरले हुने गरी कृषक छनौटको भरपर्दो र वैज्ञानिक प्रणाली बिकास गरेको पाइएन । यस्तो प्रणाली नहुदा सूचना र कार्यालयमा पहुँच हुने केही कृषकहरुले मात्र पटक पटक लाभ प्राप्त गर्न सक्ने देखिएकोले कृषक छनौटको विश्वसनीय र वैज्ञानिक आधार विकास गरी कार्यान्वियन गरिनुपर्दछ साथै पालिकावाट अनुगमन नभएकोले विउविजनको उम्रने र फल्ने शक्ति सम्वन्धी अवस्था के कस्तो छ भने यकिन गर्न सकिएन त्यसैले पालिकाले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

३६ **गैर सरकारी संस्था मार्फत खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा ऐनको दफा ५६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्था लाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय स्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम

खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। सोका साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थालाई विभिन्न कार्य गरेवापत भुक्तानी गरेको छ। तर त्यस्ता संस्थाहरु मूल्य अभिवृद्धि करमा दर्ता नभएको, संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर। स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग नगरेको अवस्था छ। नमूना छनौट गरी परीक्षण गरीएका देहाय बमोजिमका सेवा खरिदमा आयकर ऐन,२०५८ बमोजिम मु.अ.करमा दर्ता नभएका संस्थासँग सेवा खरिद गर्दा १५ प्रतिशत अग्रिम आयकर कट्टी गर्नुपर्नेमा सो कट्टी नगरी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु

| भौ.नं | गैर सरकारी संस्थाको नाम | प्रयोजन | भुक्तानी रकम | करकट्टी हुनुपर्ने रु | करकट्टी भएको रु | घटी कर कट्टी |
|---|---|---|---|---|---|---|
| ४४२ | सारथी मिडिया नेटवर्क | समुदायिक वन अभिलेखिकरण | ४९०००० | ७३५०० | ५५९५ | ६७९०५ |
| ४४६ | असल शासन क्लब जिल्ला समन्वय समिति | सार्वजनिक सुनुवाई कार्यक्रम | १५०००० | २२५०० | ० | २२५०० |
| | | | | | | ९०४०५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,४०५ |

३७ **घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(११) मा सार्वजनिक नियकाले वार्षिक पाँच लाख भन्दा बढी भाडा तिर्नुपर्ने गरी घर भाडामा लिनुपरेमा नियम ९४(४) बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने समितिबाट घर भाडा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उक्त जिल्ला दररेट अनुसार गोकुलेश्वर क्षेत्रमा गाडी जाने बाटोमा रु २३ वर्ग फिट तथा गाडी नजाने बाटोमा रु २० वर्ग फिट तोकेको छ । पालिकाले विभिन्न ठाउँमा समय एकिन नगरी यस वर्ष घर भाडा वापत रु २६५०००० र गत आव को घर भाडा बाँकी वापत रु ९९९००० गरी जम्मा रु ३६४९००० भुक्तानी गरेको छ । पालिकाले यस वर्ष विभिन्न स्थानमा घरभाडा लिई खर्च लेखेको छ । नियममा भएको व्यवस्था बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको समितिबाट भाडा निर्धारण गरेको देखिएन । नगरपालिकाले कोठाको क्षेत्रफललाई आधार नलिई निर्धारण गरेको घरभाडा कानूनसम्मत देखिदैन । यस्तो कार्यमा सुधार गरी कानून बमोजिम भाडा निर्धारण गरी मितव्ययी खर्च गर्नुपर्दछ ।

३८ **जिन्सी दाखिला** (४५८-२०८१-३-२३):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ९५ अनुसार कार्यालयले खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएका सम्पत्ती तथा जिन्सी मालसामानको विवरण मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी लगत अधाविधक गर्नुपर्ने र कार्यालयले समाग्री खरिद गर्नु पूर्व खरिद आदेश जारी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पेपर रिम, स्टेशनरी सामाग्री लगायतका मसलन्द समानहरु खरिद गरी प्रमानन्द भट्टलाई रु ३०३४९९ भुक्तानी भएकोमा PAMS दाखिला नगरेकोले उक्त समानहरु PAMS दाखिला प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,०३,४९९ |

३९ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु 10 लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ। त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट 10 लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ। तर पालिकाले यस बर्ष पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत पालिका चालु खाताबाट रु १९२६००० खर्च गरेको छ। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको

माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा पटक-पटक एकै प्रकारको सूचना प्रकाशन गरेबापत भुक्तानी दिनुका साथै कतिपय फर्मलाइ भुक्तानी दिदा स्पेशिफिकेशनहरुलाई ध्यान दिई खरिद गर्नुपर्दछ ।

## ४० अन्य कार्यालयको खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। स्थानीय तहले यो वर्ष विभिन्न कार्यालयको कार्यालय व्यवस्थापन खर्चका लागि रु २२४१३८ भुक्तानी गरेको छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढदै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण हुनुपर्दछ।

| क सं | कार्यालय वा संस्थाको नाम | कामको प्रकृति | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ईलाका प्रहरी कार्यालय | वाल निर्माण | २२४१३८ |

## ४१ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। शैल्यशिखर नगरपालिकाको आर्थिक सहायता सम्वन्धी कार्यविधि २०७६ पहिलो संशोधन २०७९ अनुसार दुर्घटना दिर्गरोग मुटुको उपचार क्यान्सर जस्ता विरामीलाई २५ हजार देखि ५० हजार सम्म आर्थिक सहयोग गर्न सक्ने व्यस्था रहेको छ। पालिकाले देहायका व्यक्तिलाई उपचार खर्च वापत कार्यविधीले तोकेको भन्दा बढी आर्थिक साहायता दिएकोले निर्णय गर्ने र भुक्तानी दिने सम्वन्धित पदाधिकारी/कर्मचारीलाई जिम्मेवार बनाई नियमित हुनुपर्ने रु

| गो.भौ.नं. | साहायता पाउने | रकम | कैफियत |
|---|---|---|---|
| १७३-०८०।१२।०५ | नन्दा गोयला | २००००० | मिति २०८०।११।१४ मा कार्यपालिकाको निर्णय अनुसार पालिकाका वडा नं ३ का महिला वडा सदस्य नन्दा गोयलालाई उपचार वापत सहयोग रकम भुक्तानी गरेको |
| २१५-०८०।१२। १४ | लक्ष्मी दत्त विष्ट | ४००००० | मिति २०८०।११।१४ मा कार्यपालिकाको निर्णय अनुसार पुर्व गाविस उपाध्यक्ष लक्ष्मी दत्त विष्टलाई रु २००००० उपचार गर्न सहयोग दिने कार्यपालिले निर्णय गरेकोमा ४००००० भुक्तानी भएको देखिन्छ |
| ३३०-०८१।०२।२१ | जगदिश सिंह धामी | २००००० | मिति २०८०।११।१४ मा कार्यपालिकाको निर्णय अनुसार वडा नं ६ का अध्यक्ष जगदिश सिंह धामीलाई उपचार वापत सहयोग रकम भुक्तानी भएको |
| ३८७-०८१।०३।१६ | हरिराम लुहार | १००००० | कार्यपालिकाको निर्णय वेगर नै हरिराम लुहारलाई सहयोग रकम भुक्तानी भएको |
| | | अनियमित भएको | ९,००,००० |

## ४२ परामर्श सेवा

सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने साथै सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ। बजेट व्यवस्था भइ कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस स्थानिय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराएको छ। यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिइ स्वीकृत बजेट बमोजिमकै हाराहारीमा हुने गरी रु. २४६९७०६ खर्च गरेको छ। यसरी डीपीआर तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट नगरेको तथा परामर्शदाताबाट पेश भएका प्रतिवेदनहरु कार्यालयको अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

| गो.भौ.नं मिति | कार्य | भुक्तानी फर्म | रकम |
|---|---|---|---|
| २५३-०८०।१२।२६ | सडक निर्माण DPR | एस डि सि इन्जिनियरिङ्ग सर्भिस प्रा लि | १०००००० |
| ४२१-०८१।०३।१९ | अवधिक विकास योजना | अपि सैपाल विकास मञ्च | ९७८१५६ |
| ४२७-०८१।०३।१९ | वातावरण मुल्याङ्कन IEE | धामी इन्जिनियरिङ्ग कन्सल्टेनट प्रा लि | ४९१५५० |
| जम्मा रु | | | २४६९७०६ |

४३ **सडक सरफाई**

सार्वजनिक खरिद नियमवाली २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष सडक सरसफाई योजनामा JCB भाडा वापत राजेन्द्र सिंह विष्टलाई रु ९७११८३ भुक्तानी गरेको देखियो। नापी किताबमा १४१९५.६ घन मिटर कार्य भएको देखिएकोमा प्राविधिक मुल्याङ्कन नरहेकोले १ घन मिटर कार्य गर्न कति समय JCB लाई लाग्छ भन्ने यकिन गर्न सकिएन साथै खरिद सम्वन्धी कागजात पेश नएको र JCB ले कार्य सुरुको मिटर घण्टा र कार्यसम्पन्न पछिको मिटर घण्टा फोटो राखि भुक्तानी भएकोमा आगामि दिनमा प्राविधिक मुल्याङ्कनवाट JCB को कार्य घण्टा खुल्ने गरी प्राविधिक मुल्याङ्कन गराउन पालिकालाई ध्यान दिनुपर्दछ।

४४ **मसलन्द तथा कार्यालय सामाग्री खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाखसम्म सोझै, नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष पालिकातर्फ रु.३९२२००० र वडातर्फ रु ३४१६७२६ गरी जम्मा रु ७३३८७२६ मसलन्द तथा कार्यलय सामाग्री खरिद गरी खर्च गरेको र गत वर्ष मसलन्द खरिद बाँकी रु २९३२००० भुक्तानी गरी जम्मा रु १०२७०७२६ मसलन्दमा खर्च गरेको देखियो। खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम एउटै प्याकेज बनाई बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा टुक्रा टुक्रा बनाई सोझै खरिदबापत रु.७३,३८,७२६ खर्च गरेको देखियो। उक्त खरिद कार्यको लागि सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको प्रावधान बमोजिम खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको देखियो। खरिद योजना बनाई आवश्यकता र मागको आधारमा खरिद कार्य गर्नुपर्छ। पालिकाले यस्तो खरिदमा नियन्त्रण गरी सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ। सोझै खरिदका केही उदारणहरु निम्न छन्।

| गो भौनं | आपूर्तक | विवरण | रकम |
|---|---|---|---|
| १८५ | दिपशिका स्टेशनरी अर्डर एण्ड सप्लायर्स | मसलन्द सामाग्री | ४९३६९७ |
| १५३ | जिएस इन्टरप्राईजेज | मसलन्द सामाग्री | ९९९७९५ |
| ४७६ | दिपशिका स्टेशनरी अर्डर एण्ड सप्लायर्स | मसलन्द सामाग्री | ३५९५२० |
| ४७७ | न्यु मठैराज पुस्तक भण्डार | मसलन्द सामाग्री | ४४१९८५ |
| ४८५ | भट्ट ट्रेडिङ्ग हाउस प्रा लि | मसलन्द सामाग्री | ५६१२७१ |
| १६१ | कृतिका ट्रेडर्स एण्ड सप्लायर्स | मसलन्द सामाग्री | २८६१७० |

४५ **सञ्चार सुविधा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेखुपर्ने व्यवस्था छ। पालिकाले यो बर्ष सञ्चार महशुलमा रु १,४७,००० खर्च गरेकोमा त्यस्तो खर्च कार्यालय प्रयोजनका अतिरिक्त केही कर्मचारीलाई आवधिक रुपमा रिचार्जको रुपमा सञ्चार सुविधाको उपयोग गरेको पाइयो। सञ्चार सुविधालाई कानूनद्धारा व्यवस्थित गरेर मात्र खर्च गरिनुपर्दछ। कानूनद्धारा व्यवस्थित नगरी खर्च गर्ने प्रवृतीमा सुधार हुनुपर्दछ ।

४६ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने, भ्रमणबाट फर्के पश्चात उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ । साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालिको व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिका कार्यालयले यो वर्ष भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शिर्षकमा रु.१७,६४,००० खर्च लेखेको देखियो । लेखापरीक्षणको क्रममा संकलन गरिएको विवरण अनुसार गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीले सबैले दैनिक भ्रमण भत्ता प्राप्त गरेको देखियो।पालिकाका पदाधिकारी तथा कर्मचारीहरु नै औचित्य नखुल्ने गरी भ्रमणमा जाने गरेको देखिएको छ । भ्रमण खर्च भुक्तानी भएका सबैजसो भ्रमण आदेशमा भ्रमणको स्पष्ट उद्देश्य र कारण नखुलाई कार्यालयको कामकाजको लागि भनी उल्लेख गरेको कर्मचारी वा पदाधिकारी भ्रमण गई कार्यालयको काम सम्पादन गरेको पुष्टि हुने प्रमाण तथा भ्रमण प्रतिवेदन पेश हुने नगरेकोले भ्रमण खर्च सरकारी कामको लागि नै हो भनि यकिन गर्ने अवस्था देखिएन । पेश भएका भ्रमण आदेश तथा भ्रमण बिल लगायत कागजातवाट भ्रमण खर्चको औचित्य पुष्टि हुने देखिँदैन । वडा सचिव, कार्यालय सहयोगी, वडा अध्यक्ष, सदस्य लगायत अधिकांश पदको कार्य विवरण अनुसार पालिका बाहेक अन्यत्र खासै काम नहुनेमा प्रत्येक महिना कार्यालयको कामकाज उल्लेख गरी जिल्ला सदरमुकाम दार्चुला तथा जिल्ला बाहिर धनगढी लगायत स्थानमा गएको देखाउने गरेको पाइयो । जुन भ्रमणको औचित्य पुष्टि हुने देखिँदैन । भ्रमणमा खटाउने सम्बन्धमा कार्यालय प्रमुखले आन्तरीक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरेको देखिएन । यसरी आवश्यकता र औचित्य वेगर भ्रमण आदेश स्वीकृत गर्ने र भ्रमण गर्ने परिपाटीमा अविलम्ब नियन्त्रण हुनुपर्दछ । यसका केही उदारणहरु निम्न छन्।

| क सं | कर्मचारीको नाम | अवधि | भुक्तानी रकम |
|---|---|---|---|
| 1 | कृष्ण दत्त जोशी | ८।०१-८।०३ | ६००० |
| 2 | मनोरथ जोशी | ८।०८-८।११ | ६००० |
| 3 | खेम राज विष्ट | ८।२१-८।२७ | ८००० |
| 4 | योगेश सिंह धामी | ९।०३-९।०८ | ८४०० |
| 5 | रजनी पाल | ४।१५-४।२१ | १०३९० |
| 6 | योगेश सिंह धामी | विभिन्न मितिमा | ५१५४० |
| 7 | कमल राज जोशी | विभिन्न मितिमा | ४६९० |

योजना अनुगमन तथा मुल्याकंनः भ्रमण खर्च नियमावली २०६४ को नियम १० बमोजिम एक जिल्लावाट अर्को जिल्ला वा २० किलो मिटर भन्दा बढी दरी भ्रमण गरे वापत दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ।पालिका भित्रका योजना तथा कार्यक्रममा प्रविधिक कर्मचारी र पदाधिकारीहरु ७ दिन सम्मको दैनिक भ्रमण भत्ता लिने गरेको देखिन्छ साथै पालिकाले कोष प्रमाणित नगरेको तथा कुन कुन योजनाका अनुगमन गरेको हो भने प्रमाण पेश नभएको देखियो।

४७ **विविध खर्च**

महालेखा नियन्त्रक कार्यालयद्धारा प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या (दोश्रो परिमार्जन) २०७४ को २२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । यस पालिकाको विविध खर्च शिर्षकमा रु. १९,४६,०००। बजेट विनियोजन गरि रु १८,५२,०००। खर्च गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार स्वागत कार्यक्रमको चियापान, खाजा खाना सम्बन्धी, सुरुक्षा, प्रतिनिधि मण्डलको स्वागत कार्य भएको पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेको छ । पेश भएका विलबाट मात्र खर्च पुष्टि हुने देखिदैन । खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश भएको देखिएन। प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ । यस सम्बन्धमा देखिएका थप बेहोरा निम्न छन:

| गो.भौ.नं. मिति | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|
| १५८-०८०।१०।२३ | लक्ष्मी जनरल स्टोर | १५०६९० | ९ थान पान विलमा फलफुल र खाधद्यसामाग्रीको विल मात्र पेश गरी भुक्तानी भएको देखिन्छ |
| २३७-०८०।१२।१६ | कौसल रेष्टुरेन्ट | ६३०००० | कौसल रेष्टुरेन्टबाट खाना खाजाको विजक समावेश गरी भुक्तानी भएको छ । २६ थान पान नं ६१६२९३६३८विलबाट रु ६३००००। खर्चक्र लेखेको छ । उक्त विजसँग १२/ १३ जनाको बैठकको १५वटा बैठक कपी प्रमाण राखेको छ । उक्त प्रमाणबाट यतिका धेरै खर्च हुने सक्ने देखिदैन । पालिकाले बैठक खर्चको नर्म्स अनुसारको खाजा खर्च एकिन गर्नुपर्दछ। |
| ३५६-०८१।०३।०१ | पार्वती चिया पसल होटल | १२३८२४ | ९ थान पान विलमा खाना २३५ , नास्ता थाल लगायत आदीको विल मात्र पेश गरी भुक्तानी भएको देखिन्छ तथा प्रयोजन नखुलाई खाना खाजाको विल आधारमा भुक्तानी गरेको |
| ४८२-०८१।०३।२४ | आयुष सेन्टर | १७९५९५ | १० थान पान विलमा खाना १८० प्लेट, नास्ता १०० थाल लगायत आदीको विल मात्र पेश गरी भुक्तानी भएको देखिन्छ तथा प्रयोजन नखुलाई खाना खाजाको विल आधारमा भुक्तानी गरेको |
| | | १०८४१०९ | |

४८ **वडा सचिवलाई संचार खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।तर पालिकाले देहायका वडा सचिवले संचार खर्च वापत मोबाईलमा टपअप गरेको विल पेश गरी भुक्तानी गरेको देखिन्छ। वडा सचिवले संचार सुविधा पाउने कानूनी व्यवस्था नरहेकोले कानून विपरित सुविधा भुक्तानी भएको रकम देहायका वडा सचिवबाट असुल उपर गर्नुपर्ने रू.

| भौचर नं | वडा सचिवको नाम | रकम |
|---|---|---|
| १४९/४२४ | राम सिंह बोहरा | ९५०० |
| ४२४ | देव दत्त भट्ट | ६२०० |
| ४३३ | खगेन्द्र प्रसाद जोशी | ५००० |
| ४५८ | प्रमान्द भट्ट | ११००० |
| | | ३१७०० |

( ✂ ….. कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१७,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ३१,७०० |
|---|---|

४९ **शिर्षक फरक पारी खर्च**

पालिकाले बजेटमा स्वीकृत शीर्षकको रकम सोही शीर्षकमा खर्च गर्नुपर्दछ। पालिकाले देहायको व्यक्तिलाई भुक्तानी भएको रकम जुन शीर्षकको लागि भुक्तानी भएको हो सो शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा रु. ७३७४५९। खर्च गरेको छ। ऐनले तोकेको खर्च शीर्षकमा खर्च गर्नुपर्नेमा अन्यत्र खर्च गरेकोले अनियमित भएको रु

| गो. भौ. नं. | भुक्तानी पाउनेको नाम | खर्च हुनुपर्ने शीर्षक | खर्च भएको शीर्षक | खर्च रकम |
|---|---|---|---|---|
| ४६४ | करण सिंह डागा रावल | मन्दिर सामाग्री खरीद | पशु स्वास्थ्य शिवर सञ्चालन | १९०००० |
| ४७० | मनोहर सिंह धामी | वन व्यवस्थापन कार्यक्रम | प्राशसनिक खर्च | ६१४८० |
| ४७८ | गोकुल भुमी कन्ट्रक्सन | मसलन्द सामाग्री खरिद | रङरोगन तथा मर्मत | १३२६३९ |
| ४७९ | गोकुल भुमी फर्निचर उधोग | फर्निचर सामाग्री खरिद | मसलन्द खरिद | ३५३३४० |
| | जम्मा | | | ७३७४५९ |

| | |
|---|---|
| अनियमित भएको | ७,३७,४५९ |

५० **इन्धन खर्च**

पालिकामा १ पिकअप भ्यान, २६ मोटरसाइकल, ४ स्कुटर रहेकोमा पालिकाले यस वर्ष पदाधिकारी इन्धनमा रु ५००००० र कार्यालय प्रयोजनको लागि इन्धनमा रु १४९९००० गरी जम्मा रु १९९९००० खर्च गरेको देखियो। इन्धन खर्च गर्ने सम्बन्धमा प्रति सवारी साधन मासिक इन्धन परिमाण सम्बन्धमा कुनै मापदण्ड नबनाई अनियन्त्रित रुपम इन्धन खर्च गरेको पाइयो । नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत र नगरप्रमुखले प्रयोग गर्ने गाडीको लागि मासिक औसत ३०० लि. डिजल खर्च गरेको अस्वभाविक देखियो। सवारी साधनको लागि इन्धनको मासिक मापदण्ड तयार नगरेको, लगबुक राख्ने नगरेको र इन्धन खपत स्वभाविक समेत नदेखिएकोले इन्धन खर्च मितव्ययी र उपयुक्त रहेको छ भन्ने सम्बन्धमा सुनिश्चित हुने स्थिति नरहेकोले पालिकाले आगामी दिनमा यस्तो खर्चमा नियन्त्रण गरी सवारी साधन अनुसारको लगबुक बनाई व्यवस्थित रुपमा राख्नुपर्दछ।

५१ **गाडी भाडा**

नगरपालिका कार्यालयमा १ पिकअप जिप, १ ट्रिपर, २६ वटा मोटरसाइकल र ४ स्कुटर रहेकन छन । पालिकाले २ वटा गाडी (१ गाडी वर्ष भरी र अर्को ३ महिना) मासिक रु १,२५,०००। मा भाडा लिई रु १८७५००० खर्च गरेकोमा कार्यालय प्रमुख र नगर प्रमुखले प्रयोग गर्दै आएको देखियो । यसका अतिरिक्त अन्य गाडी भाडामा लिई प्रयोजन नखुलाई खर्च गरेको तथा अस्वभाविक खर्च गरेको देखिएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु

| भौचर नं. | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|
| ४७-०८०।०८।१६ | रणजित सिंह धामी | १६००० | स्पष्ट प्रयोजन तथा प्रयोग गर्ने व्यक्ति नखुलाई सोझौ सम्झौता गरी भुक्तानी गरेको देखियो |
| १४८-०८०।१०।१८ | मोहन सिंह विष्ट | ४०००० | मात्र कार्यालय कामकाज लेखि र सम्झौता बाहेक अन्य कागजात संलग्न नरहेको |
| १६५-०८०।१०।२३ | इन्द्रसिंह धामी | ६६००० | स्पष्ट प्रयोजन तथा प्रयोग गर्ने व्यक्ति नखुलाई सोझौ सम्झौता गरी भुक्तानी गरेको देखियो |
| १९५-०८०।१२।०७ | मोहन देव खडायत | ५९००० | मिति ०८०।१०।१० देखि १०।१३ सम्मको सम्झौता गरेकोमा स्पष्ट प्रयोजन तथा प्रयोग गर्ने व्यक्ति नखुलेको |
| ३५४-०८१।०२।३२ | केश्व खडायत | १६९००० | मिति ०८०।१२।१९ देखि ०८१।०१।२ सम्मको सम्झौता गरेकोमा स्पष्ट प्रयोजन तथा प्रयोग गर्ने व्यक्ति नखुलेको |
| | | ३५०००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५०,००० |

५२ **सवारी साधन,मेशिनरी औजार मर्मत तथा सम्भार खर्च**

५२.१

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। मर्मत खर्च लेखेका सामानहरुमा डेक्सटप, कम्प्युटर, ल्यापटप, प्रिन्टर साथै मेशीनरी औजार र सवारी साधनहरु रहेका छन। कार्यालयले सवारी साधन तथा औजार सामाग्री मर्मतको स्थायी अभिलेख र लगसिट तयार नगरेको एवंम् व्यक्तिको नाममा समेत मर्मत तथा सम्भार बापत भुक्तानी दिएको हुँदा मर्मत खर्च यथार्थ हो भन्नेमा विश्वत हुने आधार देखिएन। मेशिन औजार मर्मतको अभिलेख खाता नराख्दा गत आ.व. मा भएको खर्च संग तुलना गरी भिडाउने आधार देखिएन। सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.फा.नं ४१५ व्यवस्थित तवरले तयार नगरी मेशिनरी औजार मर्मत तथा सम्भार खर्च तर्फ रु. १२५७००० खर्च लेखेको छ। सवारी साधनहरुको मर्मत सम्भार खर्च लेख्दा लाभ लागत विश्लेषण गरेको देखिएन। अतः नियमको पालना गरी खर्च व्यवस्थित गर्नेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

पालिकामा १ पिकअप भ्यान, २६ मोटरसाइकल, ४ स्कुटर लगायत अन्य स्थिर सम्पतिहरु रहेको छ। महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा मर्मत सम्बन्धी अभिलेख नराखेकोले कुन कुन सवारीसाधन/मोटरसाइकल र अन्य सम्पतिमा के कति खर्च भयो एकिन गर्न सकिएन। लेखापरीक्षणको क्रममा सवारी साधन तथा अन्य सम्पतिहरु मर्मत गर्न के कति खर्च भएको हो भन्ने सम्बन्धमा विवरण माग गरिएकोमा विवरण पेश भएन। देहायका भौचरबाट निम्नानुसारका सामाग्री मर्मत खर्चको पुष्टाई पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु

| क्रस | भौचर नं | विवरण | रकम |
|---|---|---|---|
| १ | ७३-०८०।०८।२७ | पालिकाले एम्बुलेन्स मर्मतका लागि भागवती मोटर पार्टस एण्ड वर्कसपलाई रु ६००००० भुक्तानी गरेकोमा भगवती मोटरको १२ थान पान विल मार्फत जम्मा रु २०७०५८ को विल पेश गरेको देखिन्छ र अर्को भगवती इन्जिनियर वर्कसपको विल पेश गरेर भुक्तानी रु ६ लाख लिएकोले मर्मत खर्च सो रकम बरावरको जति छ भने एकिन गर्न सकिएन सो पालिकाले अनुगमन गरी प्रतिवेदन, प्रमाणित कागजात र विल भर्पाई पेश गर्नुपर्ने रु | ३९२९४२ |
| २ | २११-०८०।१२।१३ | मर्मत आदेश नराखि/मर्मत अभिलेख संलग्न नगरी विभिन्न मोटरसाइकलको मर्मत खर्च वापत रु १०७३०० मठैराज वर्कसपलाई भुक्तानी भएको छ । उक्त मोटरसाइकलको मर्मत गर्नुपर्ने हो सोको विवरण पालिकाले अभिलेखिकरण गरेको नदेखिएकोले उक्त विवरण बनाई प्रमाण पेश गर्नुपर्ने रु | १०७३०० |
| ३ | २८४-०८१।०१।०५ | शैलेश्वरी अटो सप्लायर्सलाई पालिकाको सवारी साधन नम्वर भन्दा अन्य साधन नं १ ज १३४ जिप मर्मत गरेको विजक राखि भुक्तानी गरेको छ । कार्यालयको सवारी साधन वाहेक अन्य सावरी साधन मर्मत भुक्तानी गर्न नमिल्ने देखिएकोले उक्त रकम नियमित गरी प्रमाण पेश हुनुपर्ने रु | ७१७५३ |
| | | | ५७१९९५ |

| प्रमाण पेश नगरेको | ५,७१,९९५ |
|---|---|

५२.२ पालिकाले यो वर्ष गाडी भाडामा रु २१५०००० र सवारी साधन मर्मत मा १२५७००० खर्च गरेको देखिन्छ। जबकी पालिकाका आफ्नै गाडी नं से १ झ २९१ को संरक्षण तथा राम्रो मर्मत सम्भार नभएकोले चालु अवस्थामा नरहेको तथा थन्किएको अवस्थामा देखियो। पालिकाले उपयूक्त संरक्षण तथा मर्मत गरी संचालनमा ल्याउनुपर्दछ।

## ५३ **खर्च पुष्टयाईको प्रमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले देहायको रकम भुक्तानी गरेकोमा खर्चको बिल भरपाई तथा

वितरण भरपाई पेश भएको देखिएन ।नियमावलीमा भएको व्यवस्था अनुसार रु. ८९१५५५ को बिल भरपाई तथा प्रमाण कागजात पेश नभएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु

| गो भौ नं | विवरण | रकम |
|---|---|---|
| ८१ | पालिकाले दानेश्वर नागार्जुन इलेक्ट्रोनिक्सवाट मसलन्द खरिद गरी रु ४६३७९० भुक्तानी गरको देखिन्छ।दानेश्वर नागार्जुन इलेक्ट्रोनिक्सले रु २०८७२५ विल राखि र अर्को सप्लायर्सको रु २५५०६५ को विल राखि पेश गरी भुक्तानी भएकोले तथा असम्वन्धी सप्लायर्सलाई भुक्तानी भएको रकम सम्वन्धी प्रमाण पेश हुनुपर्ने रु | २५५०६५ |
| १०३ | पालिकाले न्यायीक समिति शिर्षकवाट मुलकी ऐन, स्थानीय सरकार सञ्चालन ऐन , नेपालको संविधान लगायतका ७८० थान किताव खरिद गरी न्यु चौलानी पुस्तकलाई रु ५००००० भुक्तानी गरेकोमा २०९ थान किताव बुझेको भर्पाई पेश गरेको छ। बाँकी ५७१ थान को भर्पाई पेश नभएकोले वितरण भर्पाई पेश गर्नुपर्ने रु | ३६६०२६ |
| १०५ | पालिकाले संचार महसुल वापत रु २११२७ नसिव धामी लाई भुक्तानी गरेको देखिन्छ। महसुल वापतको विल पेश नभएकोले विल पेश गर्नुपर्ने रु | २११२७ |
| ३२८ | पालिकाले ग्यासचुलो वितरण कार्यक्रमका लागि दलित लक्षित युवा समिति संग रु १५०००० मा सम्झौता गरेको देखियो। कार्यक्रम सञ्चालन गर्न १८ थान ग्यास रिफिल चुलो खरिद गरेकोमा १४ थानको मात्र वितरण भर्पाई पेश भएकोले बाँकी ४ थानको वितरण भर्पाई पेश गर्नुपर्ने रू. | २६७२० |
| ४५० | पालिकाले प्रेस क्लव नेपालसंग ४० थान किताब खरिद गरी ४५२०० खर्च गरेकोमा सो किताव कुन प्रयोजनको लागि खरिद गरिएको हो सम्वन्धी प्रमाण पेश नभएको, विजकमा विजकमा मिति समेत उल्लेख नरहेकोले स्पष्ट प्रयोजन खुलाई प्रमाणित विजक पेश गर्नुपर्ने रू. | ४५२०० |
| ४५८ | पालिकाले रेनकोट त्रिपाल बेल्चा धैनी आदी सबै १० थान खरिद गरी प्रमान्द भट्टलाई रु ९९८९२ भुक्तानी गरेको देखिन्छ।उक्त सामाग्री कुन प्रयोजनका लागि खरिद भएको सम्वान्धी प्रमाण पेश नभएको साथै वितरण भर्पाई पेश नभएकोले स्पष्ट प्रयोजन खुलाई प्रमाणित वितरण भर्पाई पेश गर्नुपर्ने रू. | ९९८९२ |
| ४६५ | पालिकाले उपमेयरसंग दिदिबहिनी कार्यक्रमका लागि मनोरथ जोशीलाई रु ५००००० भुक्तानी भएको देखिन्छ।कार्यक्रममा महिलालाई व्याग, पेष्ट, ब्रस, तैलिया, साबुन, खाने तेल आदी वितरण गर्न वडा सचिवहरुलाई एकमुष्ट बझाएकोमा वडा नं २,५र६ का वडा सचिवले परिमाण खुल्ने गरी भर्पाई पेश नगरेकोले तथा व्याग, पेष्ट, ब्रस, तैलिया, साबुन, खाने तेल लगायत प्रति सामानको ५७ थान को परिमाण र मोबाईल नं खुल्ने गरी वितरण भर्पाई पेश गर्नुपर्ने रु | ९६५२५ |
| | | ९१०५५५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,१०,५५५ |

## ५४ छुट नलिएको

राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना तथा विज्ञापन प्रकाशित गरे वापत २५ प्रतिशत सम्म छुट पाउने व्यवस्था छ । पालिकाले राष्ट्रिय स्तरको पत्रपत्रिकामा सुचना नछपाई देहाय अनुसार विज्ञापन तथा सूचना प्रकाशन गर्दा २५ प्रतिशतभन्दा कम छुट लिएकोले रु.९७५३०। व्ययभार परेको छ ।देहयानुसार छुट लिने व्यवस्था मिलाउनुपर्दछ ।

| गो भौ नं मिति | मिडियाको नाम | कारोबार रकम | पाउनु पर्ने छुट रकम | दिएको छुट रकम | कम |
|---|---|---|---|---|---|
| १९३-०८०।१२।०७ | दार्चुला विज्ञापण एजेन्सी | २४७७०७ | ६१९२७ | २४७७० | ३७१५७ |
| १८९-०८१।०२।०८ | मालिकार्जुन डिजिडल मिडिया प्रा लि | १६१३६४ | ४०३४१ | १६१३६ | २४२०५ |
| २६४-०८१।०१।०२ | अपि विज्ञापण एजेन्सी | २४११२३ | ६०२८० | २४११२ | ३६१६८ |

## ५५ प्रयोग विहीन मालसमान

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन २०७५ को बुँदा नम्बर ५ मा सार्वजनिक निकायहरुका लागि आवश्यक पर्ने वस्तु तथा सेवा आपूर्ति भण्डार र वितरणलाई पारदर्शी, मितव्ययी र अनुमानयोग्य बनाउने अनावश्यक

वस्तु को खरिद गर्ने, भण्डार गर्ने, चाहिने भन्दा बढी वस्तु खरिद गरी वितरण नगर्ने, आपूर्ति योजना नै नबनाई खरिद गर्ने, आवश्यक नै नपर्ने मेशिन उपकरण खरिद गर्ने, सञ्चालन गर्ने जनशक्ति नभएका मेशिन उपकरण खरिद गरी थन्क्याउने, आवश्यकता र मितव्ययिताको ख्याल नगरी विभिन्न प्रकारका सफ्टवेयरहरु खरिद गर्ने र त्यसको पर्याप्त मर्मत तथा सुरक्षाको व्यवस्था नगर्ने जस्ता कार्य अविलम्ब रोक्नुपूर्ने उल्लेख छ। कार्यालयले विगत वर्षमा खरिद गरेका १ थान जेनेरेटर खरिद गरी रु ४३८७३० खर्च गरेको देखिन्छ। प्रयोगविहीन रुपमा जेनेरेटर रहेकोले, मर्मत तथा सुरक्षाको व्यवस्था नगरेकोले उपयोग नहुने गरी खरिद गरी थप व्ययभार पारेको छ।

५६ **ल्याटप खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । पालिकाले कार्यालयले विगत वर्षमा खरिद गरेका ४० ल्याटप मध्ये ११ थान मर्मत तथा संरक्षणको अभावमा विग्रेको अवस्था रहेको र चालु आवमा १९ थान नँया ल्याटप खरिद गरी रु १८०५५९६ खर्च गरेको देखिन्छ। साथै केही कर्मचारीले २ थान ल्यापटप बुझेको देखिएकोले यति परिमाणमा खरिद गर्ने आवश्यता नरहेकोले पालिका माथि थप व्ययभार परेको देखिन्छ।

५७ **रोजगारी सृजना कार्यक्रम:**

५७.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सृजना कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत विभिन्न स्थानमा सडक मर्मत तथा फिल्ड निर्माण लगायतका योजना सञ्चालन गरी यस वर्ष ८८ जनालाई १०० दिनले १२०० दिन रोजगारी उपलव्ध गराई रु.५८७८४००.० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र रोजगारी सृजना कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

५७.२ **बढी दर विश्लेषण गरी भुक्तानी:** सार्वजनिक खरिद नियमावली 2064 को नियम 10 मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा तोकिएको नर्म्स भित्र रही गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका भौचरबाट रोजगारी सृजना कार्यक्रमका योजनामा भुक्तानी गर्दा Earthwork excavation in Hard soil कार्यमा ज्यामी संख्या ०.६ हुनुपर्नेमा ०.८ राखि दर विश्लेषण गर्दा प्रति घनमिटर रु.१३४.० का दरले रु.१९६०९१.० बढी भुक्तानी भएको हुँदा थप व्ययभार देखिएकोले नियमित गर्नुपर्ने रू.

| भौ.न.र मिति | योजना/ उ.स.को नाम | आईटम | परिमाण | बढी दर | बढी रकम |
|---|---|---|---|---|---|
| १११-०८१।२।७ | बगौरा पातल सोलिङ बाटो नि.उ.स. | Earthwork excavation in Hard soil | ६३६.५५ घ.मि. | १३४ | ८५२९८ |
| ८८-०८१।२।७ | मल्ल चौपता देखि मलेकाठासम्म सोलिङ निर्माण कार्य | Earthwork excavation in Hard soil | २३८.७८ घ.मि. | १३४ | ३१९९६ |
| ११२-०८१।०२।७ | पातल बगौरा सेतकला सोलिङ कार्य | Earthwork excavation in Hard soil | १७६.६२ घ.मि. | १३४ | २३५३४ |
| ११३-०८१।२।७ | रोला देखि टुडासम्म बाटो निर्माण | Earthwork excavation in Hard soil | १६९.६२ घ.मि. | १३४ | २२७३० |
| १२८-०८१।२।१४ | पर्यटकीय स्थल वनटोली घेरपर्खाल निर्माण | Earthwork excavation in Hard soil | २४२.७८ | १३४ | ३२५३३ |
| | | | | **जम्मा** | **१९६०९१** |

| अनियमित भएको | १,९६,०९१ |
|---|---|

५८ **लघुउद्यम विकास कार्यक्रम:**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रु.१८ लाख बजेट विनियोजन भएकोमा रु.१७९९८८०.० खर्च भएको स्रेस्ता परिक्षण गर्दा देखिएका बेहोरा निम्न छन:

५८.१ **बढी भुक्तानी:** नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद ७.१.१५ मा सिप विकास तालिममा खर्च गर्ने मापदण्डको व्यवस्था गरेको छ। उक्त सिलाई कटाई तालिममा निर्देशिकाले उल्लेख गरे भन्दा निम्नानुसार रु.२०७३६४.० बढि खर्च लेखेको रकम भुक्तानी पाउनेबाट असूल हुनुपर्ने रु..

**(विस्तृत विवरण बेरूजु दफा ५८.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | २,०७,३६४ |
|---|---|

५८.२ **असम्बन्धित खर्च:** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ ले विनियोजित बजेट सम्बन्धित कार्यको लागिमात्र खर्च गर्ने उल्लेख छ। तर पालिकामा लघुउद्यम शाखामा १ फोकल पर्सन, २ लघु उद्यम सहजकर्ता कार्यरत हुँदा हुँदै लघुउद्यम शाखाको काममा सहयोग गर्ने भनि उद्यम विकास समितिले २०८१।०१।०३ को निर्णयानुसार रुद्र सिंह विष्टलाई ३ महिनाको प्रति महिना रु. २० हजारको दरले भौ.न.२३४-०८१।३।२३ बाट रु. ६००००.० भुक्तानी भएको देखियो। निजको छनौट प्रकियाको आधार, हाजिरी र निजले सम्पादन गरेको कार्यसम्पादन बेगर भुक्तानी गरेकोले निज रुद्र सिंह विष्टले सम्पादन गरेको कार्य, हाजिरी र निजको छनौट प्रकियाको आधार पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

| प्रमाण पेश नगरेको | ६०,००० |
|---|---|

५८.३ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ४१ मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले १ थान चप्पल बनाउने मेसिन खरिदबापत भौ.न.२३५-०८१।३।२३ बाट जय हुनैनाथ सप्लायर्स, कन्चनपुरलाई रु.१७५०००.० भुक्तानी गरेकोमा सो को लागत सहभागिता बापत २० प्रतिशतले हुन आउने रकम रु.३५०००.० सम्बन्धित उद्यमीबाट जम्मा गरेको नदेखिँदा उक्त लागत सहभागिताबापतको रकम वडा नं ५ का चप्पल बनाउने उद्यमी समूहबाट असुल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रू.

| असुल गर्नुपर्ने | ३५,००० |
|---|---|

५८.४ **साझा सुविधा केन्द्रः** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुदाँ नं ३३(२छ) मा उद्यम घरको लागि नि:शुल्क जग्गा तथा भवन उपलब्ध नभएमा कम्तीमा दश वर्षका लागि साझा सुविधा केन्द्र(उद्यम घर) को लागि भाडाबापतको रकम उपलब्ध गर्ने उल्लेख छ। पालिकाले चौलानी महिला लघुउद्यमी समूह साझा सुविधा केन्द्र स.उ.स.लाई भौ.न.२५०-०८१।३।२४ बाट रु.४६००००.० भुक्तानी दिएको देखियो। स्रेस्तासाथ पेश भएको सम्झौतामा ड्रिम महिला बहुउद्देश्यीय सहकारी संस्था लि.को १ वटा कोठा १२ वर्षको लागि लिने उल्लेख भएकोमा चौलानी महिला लघुउद्यमी समूह साझा सुविधा केन्द्र स.उ.स.ले निर्देशिकामा उल्लेख भएको प्रावधान अनुसार नै संचालन गरे नगरेको अनुगमन प्रतिवेदन स्रेस्ता साथ पेश नभएकोले उक्त भाडा रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था नदेखिएकोले पालिकाबाट अनुगमन गरी निकासा भएको रकमको सहि सदुपयोग भएको देखिने गरी प्रतिवेदन पेश हुनुपर्दछ।

५८.५ पालिकाले प्रविधि हस्तान्तरण बापत रु.२७२२००.० को ऊनको सामाग्री, स्वीटर बुन्ने मेसिन र चप्पल बनाउने सामाग्री लगायतका अन्य सामाग्रीको प्रविधि हस्तान्तरण गरी प्रवर्द्धन गरिएका लघु उद्यमीले प्रविधि उपयोगको विवरण कार्यालयमा पेश गर्नुपर्नेमा सो को विवरण पेश नगरेकोले हाल उक्त सामाग्रीहरुको सहि सदुपयोग भएको छ भन्ने कुरामा विश्वस्थ हुने अवस्था छैन। साथै पालिकाले उक्त सामाग्रीको सहि सदुपयोग भए नभएको निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ।

५८.६ **ल्यापटप र प्रोजेक्टर खरिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट ल्यापटप र प्रोजेक्टर खरिदबापत भौ.न.२३६-०८१।३।२३ बाट माई कम्प्यूटर सोलुसनलाई रु.१४९९९०.० भुक्तानी गरेको देखियो। उक्त खरिद कार्य लागत अनुमान तयार र सो को स्वीकृती बेगर खरिद गरेको पाईयो। निर्देशिकामा भएको व्यवस्थानुसार लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्नुपर्नेमा शाखाको लागि आवश्यक ल्यापटप र प्रोजेक्टर खरिद गरेको देखिएको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | १,४९,९९० |
|---|---|

५९ **सामाजिक सुरक्षा**

५९.१ **भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। यो वर्ष सामाजिक सुरक्षा भत्ता वडा नं. १ देखि ६ सम्मको लागि नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. मार्फत भत्ता वितरण गर्न रु. ९००८५७७७.०० निकासा भएको छ।

५९.२ **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जनकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा लाभग्राहीको लगत कट्टा गरेको विवरण अनुसार बढी भुक्तानी रकम रु ३२४१३ असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| वडा नं | लाभग्राहीको नाम | मृत्यु भएको मिति | भुक्तानी रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| २ | दत्त ओक | २०८०।०४।०७ | १२००० | ११०६७ |
| ३ | संजा देवी खत्री | २०८०।०६।२२ | १२००० | १०६४ |
| ५ | ज्ञान सिंह डाँगा | २०८०।०६।१५ | १२००० | २००२ |
| ५ | उजली रावल | २०८०।०६।२० | १२००० | १३३३ |
| ६ | ठगु देवी धामी | २०८१।०३।१६ | १२००० | १८६५ |
| ६ | जमना धामी | २०८१।०२।१८ | १२००० | ५६०२ |
| ६ | गोपाल सिंह धामी | २०८१।०३।०८ | १२००० | २९२६ |
| ६ | राम प्रसाद विष्ट | २०८०।०६।१२ | १२००० | २४०० |
| ८ | नन्द राम जोशी | २०८०।०९।१६ | १२००० | ४१५४ |
| | | | | ३२४१३ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **१,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ३२,४१३ |
|---|---|

५९.३ **सामाजिक सुरक्षा कार्यक्रम संचालनः** समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंक बिच हुने सम्झौताको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरणसहित बाँकी रकम भए पालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगतकट्टा भएमा लगतकट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सोको जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछि रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ। पालिकाबाट विभिन्न त्रैमासिकमा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. लाई रकम जम्मा गर्न पठाएको रकम मध्ये भुक्तानी नभई निष्क्रिय खातामा रहेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने । लगत अद्यावधिक गरी रकम निष्क्रिय नहुने व्यवस्था गर्नुपर्दछ।

५९.४ **पारदर्शिता र अनुगमन तथा निरीक्षणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम, दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ. एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

६० **समानिकरण अनुदानबाट शिक्षकलाई तलब भत्ता:**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई यस वर्ष वित्तीय समानीकरण अनुदानबाट शिक्षा ५१ विद्यालयमा शिक्षकहरुलाई नियुक्ती गरि

रु १,४३,९०,१६८.० तलब भत्ता भुक्तानी गरेको पाईयो। विद्यालयहरुलाई निजी शिक्षकको तलब भत्ता निकासा दिनु पूर्व विद्यालयगत दरबन्दी मिलान गरी तथा शिक्षक विद्यार्थी अनुपात, विद्यालयको स्तरोन्नती, प्राविधिक शिक्षा लगायतका विषयहरु समेत ध्यान दिई आवश्यकताको आधारमा थप शिक्षक एकिन गरी तलब भत्ता रकम उपलब्ध गराउन सकिने भएतापनि सो अनुसार नगरी समानिकरण अनुदानबाट निजी शिक्षकको तलब भत्ता निकासा गर्नु उचित देखिएन ।यसरी खर्च लेख्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

६१ **एकमुष्ट अनुदान:**

६१.१ **बढी निकासा:** कार्याक्रम कार्यान्वय पुस्तिका, ०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१३ मा एकमुष्ठ अनुदान प्राप्त गर्ने विद्यालयहरुले विद्यालय संचालन तथा व्यवस्थापन अनुदान नपाउने उल्लेख छ। तर भौ.न.७३ र २३९ बाट देहायका विद्यालयलाई सामाजिक परिक्षण तथा आर्थिक लेखापरीक्षण बापत रु.१००००.०, SIP निर्माण बापत रु.१५०००.०, ईन्टरनेटबापत रु.१२०००.० समेत रु.३७०००.० का दरले रु.१४८०००.० निकासा भएकोले उक्त रकम सम्बन्धित विद्यालयबाट असूल/फिर्ता गरी संघीय संचितकोषमा दाखिला हुनुपर्ने रू.

| क्र.स. | विद्यालय | बढी निकासा |
|---|---|---|
| १ | श्री नवोदय आ.वि.काडाँपारी वडान.४ | ३७००० |
| २ | श्री लटिनाथ आ.वि.वन्तोली वडान.७ | ३७००० |
| ३ | श्री मालिकार्जुन आ.वि.मल्चौरावडान.८ | ३७००० |
| ४ | श्री मालिकार्जुन आ.वि. राती सैनीवडान.९ | ३७००० |
| | जम्मा | १४८००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४८,००० |

६१.२ शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ मा शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई प्रति विद्यालय रु.१० लाख एकमुष्ठ अनुदान दिने, सो लागि अनुदान लिने विद्यालयसँग केन्द्रले तोकेअनुसारको ढाँचामा विद्यालय संचालनका लागि करार सम्झौता गर्ने र करार सम्झौता बमोजिम कार्य सम्पादन भए नभएको नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्ने उल्लेख छ। पालिकाले देहायका विद्यालयलाई भौ.न.७३ र २३९-०८१।३।२३ बाट कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको प्रावधान वेगर रु.४००००००.० अनुदान निकासा गरेको देखियो। अत: पुस्तिका उल्लेख भएबमोजिम करार सम्झौता र सो बमोजिमको कार्य सम्पादन भएको विल भरपाई तथा अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

| क्र.स. | विद्यालय | अनुदान रकम |
|---|---|---|
| १ | श्री नवोदय आ.वि.काडाँपारी वडान.४ | १०००००० |
| २ | श्री लटिनाथ आ.वि.वन्तोली वडान.७ | १०००००० |
| ३ | श्री मालिकार्जुन आ.वि.मल्चौरा वडान.८ | १०००००० |
| ४ | श्री मालिकार्जुन आ.वि. रातीसैनी वडान.९ | १०००००० |
| | जम्मा | ४०००००० |

६२ **विल भरपाई र प्रतिवेदन:**

कार्यक्रम कार्यान्वयन पुस्तिका ०८०।८१ मा विद्यालयलाई अनुदान दिनुपूर्व तोकिएको निश्चित मापदण्ड पुरा गर्ने र निकासा भएको खर्चको विलभरपाई पालिकामा उपलब्ध गराउने तथा उक्त कार्यक्रमको पालिकाले निरन्तर अनुगमन गरी अनुगमन प्रतिवेदन पेश गर्ने उल्लेख छ। पालिकाले देहायका विद्यालयलाई निम्नानुसारको कार्यक्रमको लागि अनुदान बापत रु.६४१६०००.० निकासा गरेकोमा निम्न कैफियत देखिएकोले प्रस्तावना, विल भरपाई तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रू.

| भौ.न.र मिति | विद्यालय | कार्यक्रम | निकासा रकम | कैफियत |
|---|---|---|---|---|
| १६०-०८०।०३।८ | श्री कृष्णमा.वि. बलौंच | विज्ञानप्रयोगशाला | ६१६००० | अनुगमन प्रतिवेदन पेश हुनुपर्ने |
| १०५-०८०।१२।२८ | श्री लटिनाथ आ.वि.बरमुडे | ICT ल्याब | ६५०००० | अनुगमन प्रतिवेदन पेश हुनुपर्ने |
| ११४-०८१।२।७ | श्री गोकुलेश्वरमा.वि. गोकुले | कार्यसम्पादनप्रोत्साहनअनुदान | २००००० | प्रस्तावना, विलभरपाई र अनुगमन प्रतिवेदन पेश हुनुपर्ने |
| | श्री मालिकार्जुन आ.वि.थला | ICT ल्याब | ६५०००० | अनुगमन प्रतिवेदन पेश हुनुपर्ने |
| १३१र२२० | श्री गोकुलेश्वर मा.वि. गोकुले | नमुनाविद्यालयअनुदान | ३०००००० | अनुगमन प्रतिवेदनमा रु.२२९३१७०.० मात्र खर्च भएको भनि उल्लेख भएकोले पुन:अनुगमन गरी एकि नगर्ने |
| १८९-०८१।३।१८ | श्री मालिकार्जुन मा.वि.मिलिमिलि | ICT ल्याब | ६५०००० | अनुगमन प्रतिवेदन पेश हुनुपर्ने |
| २२१-०८१।३।२१ | श्री गोकुलेश्वर मा.वि.गोकुले | विज्ञानप्रयोगशाला | ६५०००० | अनुगमन प्रतिवेदन पेश हुनुपर्ने |
| | | जम्मा | ६४१६००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६४,१६,००० |

६३ **नि:शुल्क पाठ्यपुस्तक:**

कार्यक्रम कार्यान्वयनपुस्तिका २०७९।०८०माविद्यालयलाई पाठ्यपुस्तकबापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। तर पालिका अन्तर्गतका ५१ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको ७५ प्रतिशत रकम रु.२८७८७८८.० बैशाख महिनामा मात्र निकासा गरेको पाइयो। उक्त ७५ प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरी असार महिनामा थप रु.१८१४२०९.० निकासा सहित जम्मा रु.४६९२९९७.० अनुदान निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था भएन। यस वर्ष १ देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु.४६९२९९७.० खर्च लेखेकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका थप बेहोरा निम्न छन:

एकिन गर्नुपर्ने: पालिकाले देहायका ३५ वटा विद्यालयलाई नि:शुल्क पाठ्यपुस्तक को अनुदान रकम IEMIS को तथ्यांक अनुसार शतप्रतिशत रु.३०७५३६६.० निकासा हुनुपर्नेमा विद्यालयले पेश गरेको विल अनुसार रु.४०००८८२.० निकासा गरेको देखियो। विद्यालयले पेश गरेको विलसँग IEMIS को तथ्यांक सत्यापन नगरी निकासा गरेको कारण रु.९२५५१६.० बढी निकासा भएको पाईयो। केही विद्यालयमा खरिद भएका पुस्तकहरु मौज्दात रहेको भन्ने जानकारीमा आएको र विद्यार्थीलाई पुस्तक वितरण गरेको भरपाई समेत पेश नभएकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था नरहेकोले बढी निकासा सम्बन्धमा पालिका एकिन हुनुपर्ने रू.

**(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२५,५१७ |

६४ **सेनेटरी प्याड-**

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनेटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनेटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका ५१ वटा विद्यालयको लागि यस आ.व.मा रु.२३५४०००.० बजेट विनियोजन

भएकोमा खरिद प्रकृया अगाडी नबढाई उक्त रकम फ्रिज गरको देखिएकोले सेनेटरी प्याडको प्रयोगबाट छात्राहरुलाई वञ्चित गराएका कारण पालिका संवेदनशील र जवाफदेही हुनुपर्ने देखिन्छ।

गत आ.व.को प्याड मौज्दात: गत आ.व.०७९।८० मा ३७०९२ प्याकेट रु.५४.२४ का दरले रु.१९९०७२५.० मा खरिद गरेकोमा लेखा परिक्षण अवधि ( २०८१ असोज १०) सम्म ३४८० प्याकेट रु.५४.२४ का दरले रु.१८८७५५.० को पालिको स्टोरमा मौज्दात रहेको(जसको फोटो तल उल्लेख छ) मा उक्त प्याडको म्याद १ वर्ष मात्र बाँकी रहेको देखियो। सो सम्बन्धमा बुझ्दा विद्यालयले माग नगरेकोले गर्दा वितरण नगरेको भन्ने शिक्षा शाखाको भनाई रहेता पनि शिक्षा शाखाले हालसम्म सेनेटरी प्याड प्रयोग अवस्था बारे सम्बन्धित विद्यालयमा अनुगमन गरेको देखिएन। अत: खरिद गरेको २ वर्ष पुग्न लाग्दा समेत वितरण नगरेको तथा आवश्यकता आकंलन नगरी आवश्यक्ता भन्दा बढी खरिद गरी मौज्दात राख्नेलाई जिम्मेवार बनाई सम्बन्धित विद्यालयलाई वितरण गरेको भरपाई पेश हुनुपर्ने अन्याथ उक्त मौज्दात परिमाण बराबरको रकम असुल हुनुपर्ने रु.



| प्रमाण पेश नगरेको | १,८८,७५५ |
|---|---|

६५ **एकिन गर्नुपर्ने:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र सोही नियमावलीको ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था छ। पालिकाले विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत देहायका भौचरबाट रु.४९४०००.० बढी निकासा भएकोले उक्त रकम सम्बन्धमा पालिकाले एकिन गर्नुपर्ने रू.

| भौ.न.र मिति | विवरण | एकिन गर्नुपर्ने रकम |
|---|---|---|
| ११४-०८१।२।७ | यस भौचरबाट रु.१०८४०००.० मध्ये गोकुलेश्वर मा.वि.गोकुलेलाई प्रोत्साहन अनुदान बापत रु.२०००००.० र मालिकार्जुन आ.वि.थलालाई ICT ल्याबा बापत रु.६५००००.० निकासा भएकोमा बाँकी रु.१९४०००.० गोकुलेश्वर मा.वि. गोकुलेलाई निकासा भएको रकम प्रयोजन नखुलेकोले एकिन गर्नुपर्ने यदि बढी निकासा भएमा असुल हुनुपर्ने | १९४००० |
| २३९-०८१।३।२३ | नमुना मा.वि.लाई अनुदान बापत रु.३००००००.० निकासा हुनुपर्नेमा गोकुलेश्वर मा.वि.गोकुलेलाई रु.३३०००००.० निकासा भएकोले बढि रु.३०००००.० प्रयोजन नखुलेकोले एकिन गर्नुपर्ने यदि बढी निकासा भएमा असुल हुनुपर्ने | ३००००० |
| | जम्मा | ४९४००० |

| प्रमाण पेश नगरेको | ४,९४,००० |
|---|---|

६६ **विद्यालयगत निकासा खाता:**

विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्याबधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अत: विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

६७ **सामुदायिक सिकाई केन्द्रलाई अनुदान:**

कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं २.७.१३.११ मा सामुदायिक सिकाई केन्द्रको संचालन अनुदान निकासाको लागि वार्षिक साधारण सभा भएको, बजेट र कार्यक्रम पास गरेको, लेखापरिक्षण प्रतिवेदन पेश गरेको लगायतका ५ वटा मापदण्ड पुरा भएको अवस्थामा स्थानीय तहले स्थलगत निरीक्षण पश्चात एकमुष्ट रु. २ लाख ५० हजार अनुदान निकासा गर्ने उल्लेख छ। पालिकाले

हाल अस्तित्वमा नरहेका सामुदायिक सिकाईकेन्द्र गोकुलेश्वरलाई रु.२४४०००.० र दुर्गाभवानी सामुदायिक सिकाई केन्द्र देथलालाई रु.२४४०००.० समेत रु.४८८०००.० निकासा गरेको देखियो। उक्त सिकाई केन्द्रमा रहेका २ जना सामुदायिक सिकाई केन्द्र परिचालिकाहरु हाल १ जना पालिकाको शिक्षा शाखामा र अर्को १ जना वडा न.२ मा कार्यरत रहेको देखियो। निकासा भएको रकम निजहरुलाई तलब भत्ता दिएको देखिएकोले कार्यक्रम कार्यान्वयन पुस्तिकाको प्रावधान विपरित अनुदान निकासा दिएकोले उक्त रकम संघीय संचितकोषमा शोधभर्ना हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८८,००० |

## ६८ बढी तलबभत्ता निकासा:

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै पनि विध्यालयले आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ। पालिकाले विद्यालयका शिक्षकहरुको तलबभत्ता अनुदान निकासा गर्दा देहायका विद्यालयका शिक्षकलाई निम्नानुसार बढी रु.३९१८९.० अनुदान निकासा गरेको देखिएकोले उक्त बढी निकासा रकम सम्बन्धित विद्यालयबाट असूल/फिर्ता हुनुपर्ने रू.

| क्र.स. | विद्यालयको नाम | विवरण | बढी निकासा रकम |
|---|---|---|---|
| १ | श्री सत्यप्रकाश मा.वि.देथला | प्रा.वि.प्र. शिक्षक उत्तम बहादुर पालको शिक्षक किताबखानाबाट प्रमाणित भएको तलबी प्रतिवेदनमा २ ग्रेड रहेकोमा ३ ग्रेड भुक्तानी भएकोले रु.१४५६.० का दरले १३ महिनाको रु.१८९२८.० बढी निकासा भएको | १८९२८ |
| २ | श्री लटिनाथ मा.वि.वस्कोट | प्रा.वि.तृ. शिक्षक इश्वर दत्त जोशीको शिक्षक किताबखानाबाट प्रमाणित भएको तलबी प्रतिवेदनमा ३ ग्रेड रहेकोमा ४ ग्रेड भुक्तानी भएकोले रु.१०९७.० का दरले १३ महिनाको रु.१४२६१.० बढी निकासा भएको | १४२६१ |
| २ | श्री गोकुलेश्वर मा.वि. गोकुले | मा.वि.प्र. शिक्षक गणेशराज विष्ट मिति ०८०।१०।९ मा अनिवार्य अवकास भएकोमा पोशाक भत्ता बापत रु.१००००.० निकासा भएको | १०००० |
| | | जम्मा | ४३१८९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,१८९ |

## ६९ शिक्षकको अभिलेख:-

शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा समन्वय ईकाईबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। कार्यालयले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

## ७० छात्रावृत्ति अनुदान-

७०.१ शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ७.२.१.१.मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा ५१ वटा विद्यालयमा रु.११५२६००.० निकासा गरेको छ। IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसम्मत देखिदैन। अत:

पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ। साथै निकासा गरेको छात्रावृत्ति रकमको वितरणको भरपाई पेश नभएकोले सम्बन्धित विद्यालयबाट वितरणको भरपाई पेश हुनुपर्दछ।

७०.२ **हिमाली छात्रवृत्ति** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ७.२.१.१.मा IEMIS मा हिमाली आवासीय छात्रवृत्तिबापत प्रति विद्यार्थी वार्षिक रु.४० हजारका दरले अनुदान निकासा गर्ने र सो को विल भरपाई पालिकामा पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले भौ.न.११४-०८१।२।७ बाट हिमाली आवासीय छात्रवृत्ति अन्तर्गत गोकुलेश्वर मा.वि.गोकुलेलाई रु.८०००००.० अनुदान निकासा गरेको देखियो। उक्त छात्रावृत्तिको वितरणको भरपाई तथा विल भरपाई पेश नभएकोले विलभरपाई तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ।

७०.३ एकिन गर्नुपर्ने: पालिकाले भौ.न.२३९-०८१।३।२३ बाट थप छात्रवृत्तिबापत को अनुदान गोकुलेश्वर मा.वि.गोकुलेलाई रु.३५७०००.० निकासा गरेको देखियो। भौ.न.११४ बाट IEMIS को तथ्यांक अनुसार निकासा भएकोमा पुन:भौ.न.२३९ बाट विद्यालय माग गरेको आधारमा थप छात्रवृत्ति भनि रु.३५७०००.० निकासा भएको पाईयो। विद्यालयले विल भरपाई पेश नगरेको र पालिकाबाट सत्यापन समेत नगरी विद्यालयले माग गरेको आधारमा निकासा भएको रकम दोहोरो भए नभएको एकिन गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५७,००० |

७१ **बढी निकासा:**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई समाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान अन्तर्गत विद्यालयबाट भरिएको IEMIS प्रतिवेदनमा उल्लिखित विद्यार्थी संख्याका आधारमा बजेट बाँडफाँड गरी अनुदान निकासा गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका विद्यालयलाई IEMIS मा विद्यार्थी अनुसार निकासा गरेको पुन: विद्यालयले माग गरेको आधारमा रु.१५५०००.० बढी निकासा गरेको देखिएकोले उक्त रकम सम्बन्धित विद्यालयबाट असुल/फिर्ता गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रू.

**(विस्तृत विवरण बेरूजु दफा ७१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५५,००० |

७२ **प्राविधिक शिक्षा संचालन अनुदान:**

प्राविधिक शिक्षा संचालनको लागि स्थानीय तह मार्फत अनुदान वितरण मापदण्ड,२०८० को बुदाँ नं.४ मा पालिकाले अनुदान माग गरेका शिक्षालयहरुले अनुदान रकमको सदुपयोग हुने/नहुने सुनिश्चितता गर्नुपर्ने उल्लेख छ। तर पालिकाले मापदण्डमा भएको प्रावधान बेगर देहायका विद्यालयलाई प्राविधिक शिक्षा संचालनबापत रु.४२०००००.० अनुदान निकासा दिएकोले पालिकाले अनुदान रकमको सुनुश्चितता गरेको प्रमाण पेश हुनुपर्ने रु.

| क्र.स. | प्राविधिक शिक्षालय | अनुदान रकम |
|---|---|---|
| १ | श्री कृष्ण मा.वि.बलौंच वडाँ नं. १ | ७००००० |
| २ | श्री सत्यप्रकाश मा.वि. देथला वडा नं. २ | ७००००० |
| ३ | श्री गोकुलेश्वर मा.वि. गोकुले वडा नं. ९ | ७००००० |
| ४ | श्री लटीनाथ मा.वि. बस्कोट | ७००००० |
| ५ | श्री मालिकार्जुन मा.वि. मिलि मिलि | ७००००० |
| ६ | श्री मालिकार्जुन मा.वि.काँडपानी | ७००००० |
| | जम्मा | ४२००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,००,००० |

७३ **नगर स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र सोही नियमावलीको ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था छ। पालिकाले नगरस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता र भलिवल प्रतियोगिताको लागि देहायका भौ.न.बाट निम्नानुसारको रु. २२९०१५९.० भुक्तानी गरेको पाइयो। उक्त कार्यको लागत अनुमान तयार र स्वीकृत नगरेको, खेलकुद सामग्रीलगायतका अन्य सामग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना नगरी टुक्रा पारी सोझै खरिद गरेको, वितरणको भरपाई पेश नभएको, खेलकुद कार्यक्रममा के कति सहभागी थिए सो नखुलेको, सम्बन्धित सप्लायर्स तथा होटललाई भुक्तानी नगरी व्यक्तिलाई भुक्तानी भएको र कार्यक्रम सम्पन्न प्रतिवेदन तयार नगरेकोले उक्त खर्च यथार्थ हो भन्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रममा भुक्तानी भएको खर्चको विश्वसनीयता देखिने गरी निम्नानुसारको कार्यक्रम सम्पन्न प्रतिवेदन र प्रमाण पेश हुनुपर्ने रू.

| भौ.न. र मिति | भुक्तानी पाउने | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ५२-०८१।१।२४ (सर्शत पुँजिगत) | न्यू मठैराजा पुस्तक भण्डार एण्ड स्टेशनरी | जर्सी, जुत्ता, ट्र्याकसुत खरिद | ३९५४२० | वितरणको भरपाई पेश हुनुपर्ने |
| २१०-०८१।०३।२३ (न.पा.चालु) | प्रा.स.बलदेव भट्ट | खेलकुद सामाग्री र खाजाखाना बापत होटलको विल पेश भएको प्रशिक्षक भत्ता | ९१२००० | प्रशिक्षकहरुको प्रमाणपत्र तथा कार्यक्रम सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने |
| ३२०-०८१।२।१७ (न.पा.चालु) | श्री दिपशिका स्टेशनरी अर्डर एण्ड सप्लायर्स | जुत्ता-१५० जोर, ट्र्याकसुट-३० जोरजर्सी-९० सेट र मोजा आदी | २९०४१० | वितरणको भरपाई पेश हुनुपर्ने |
| २१०-०८०।१२।१२ (न.पा.चालु) | प्रा.स.बलदेव भट्ट | शिल्ड तथा मेडल खरिद, खाना खाजा, चुना खरिदका विल र प्रशिक्षकलाई रु.१२१५०० भुक्तानी भएको भरपाई | ५९२३२९ | प्रशिक्षकको प्रमाणपत्र तथा भुक्तानी भएको भत्ताको आधार र कार्यक्रम सम्पन्न प्रतिवेदन पेशहुनुपर्ने |
| २५६-०८१।३।२४ (सर्शत चालु) | श्यामसिंह धामी | गाडी भाडा बापतको रकम भुक्तानी | १००००० | सम्झौता पेश हुनुपर्ने |
| | | जम्मा | २२९०१५९ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,९०,१५९ |

७४ **गत आ.व.को भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले भौ.न.२४१-०८१।३।२३ बाट गत आ.व.को भुक्तानी बाँकी भनि गोकुलेश्वर अस्पातल गोकुलेश्वरमा रासन खरिदबापतको बाँकी रकम भुगोल निर्माण सेवालाई रु.८४७३६२.७४ भुक्तानी गरेको देखियो। उक्त रकम न.पा.चालुबाट भुक्तानी हुनुपर्नेमा मातृ तथा नवशिशु कार्यक्रमको लागि विनियोजित रकमबाट भुक्तानी भएकोले सो रकम संघीय संचित कोषमा दाखिला हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,४७,३६२ |

७५ **ओ.सि.एम.सी.कार्यक्रमको अनुदान:**

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागबाट जारी भएको स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्यासम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन-२०८० मा लैङ्गिक हिंसा सम्बन्धी एकमुष्ठ अनुदान कार्यक्रम सम्पन्न भए पश्चात सो को विल भरपाई तथा प्रतिवदेन पालिकामा पठाउनुपर्ने उल्लेख छ। पालिकाले भौ.न.२६-०८०।८।१३ बाट एकद्वार संकट व्यवस्थापन केन्द्र (ओ.सि.एम.सि.) को लागि गोकुश्लेश्वर अस्पताललाई रु.१० लाख अनुदान दिएकोमा सोको विल भरपाई तथा प्रतिवेदन पेश नभएकोले मार्गदर्शनमा उल्लेख भए बमोजिम विल भरपाई तथा प्रतिवेदन पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

७६ **औषधि खरिद-**

पालिकाकालाई आवश्यक पर्ने औषधिमध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघीय शसर्त बजेट र न.पा.चालु उप शिर्षकबाट औषधि र उपकरण खरिद मेगामेडिसिन सप्लार्यस महेन्द्रनगरबाट रु.१४२९०५५.० र शैलाकेदार मेडिसिन सप्लायर्स धनगढीबाट रु.७१९४३६.० समेत रु.२१४८४९१.० भुक्तानी दिएको पाईयो। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। आपूर्ति हुने औषधी तथा औषधीजन्य सामग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

७७ **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ६ बर्थिङ सेन्टरमा गत वर्ष २०३ थान मौज्दात रहको र यस वर्ष ५०० थान को रु.५ लाख ९९ हजारमा खरिद गरेकोमा यस वर्ष ३४५ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ३५८ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

७८ **अस्पतालको आम्दानी:**

पालिकाको वडा नं ९ स्थित गोकुलेश्वर अस्पताल गोकुलेमा पालिकाले २ जना एम वि वि एस डाक्टर सहितको विशेषज्ञ सेवा प्रदान गर्नको लागि आवश्यक पर्ने तलब भत्ताबापत रु.७१३६४३६.० र अन्य प्रशासनिक खर्चबापत रु.१८४५५७५.० समेत रु.८९८२०११.० निकासा गरेको देखियो। उक्त अस्पतालको आफ्नै संचालक समिति रहेको र सेवाग्राहीबाट प्राप्त सेवा शूल्क लगायतका आम्दानी संचालक समिति कै खातामा जम्मा भएको भन्ने जानकारी सम्बन्धित राजश्व शाखाबाट हुन आएकोले पालिकाले अस्पतालमा के कति आम्दानी हुन्छ सो आम्दानी पालिका मातहतमा ल्याउनुपर्दछ।

७९ **पकेट विकास कार्यक्रमको निरन्तरता**

आ.व.०७९।८० मा स्थापना भएको स्याउ/ओखर पकेट विकास कार्यक्रमको निरन्तरताको लागि रु.६ लाख बजेट विनियोजन भएकोमा देहायानुसार रु.५०००००.० र अन्य खर्च रु.८८८५०.० समेत रु.५८८८५०.० खर्च भएको स्रेस्ता परिक्षण गर्दा देखिएका बेहोरा निम्न छ:

| भो.न.र मिति | भुक्तानी पाउने | बेहोरा | भुक्तानी रकम |
|---|---|---|---|
| ८३-०८०।१२।०८ | रानीशिखर महिला कृषक समुह-४ | १००० ओखर विरुवा खरिद, पाईप, हजारी, स्प्रेयरलगायतका कृषि सामाग्री खरिद गरेको कृषकहरुबाट बिल भरपाई पेश भएको | १२५००० |
| १२४-०८१।०२।०९ | श्री भुमिराज कृषक समुह-९ | १००० ओखर विरुवा खरिद, पाईप, हजारी, स्प्रेयरलगायतका कृषि सामाग्री खरिद गरेको कृषकहरुबाट बिल भरपाई पेश भएको | १२५००० |
| १५३-०८१।०३।०२ | रोशन बाख्रापालन फर्म-५ | १००० ओखर विरुवा खरिद, पाईप, हजारी, स्प्रेयरलगायतका कृषि सामाग्री खरिद गरेको कृषकहरुबाट बिल भरपाई पेश भएको | १२५००० |
| २६१-०८१।०३।२४ | श्री रानीरनेवास अगुवा कृषक समुह-६ | १००० ओखर विरुवा खरिद, पाईप, हजारी, स्प्रेयरलगायतका कृषि सामाग्री खरिद गरेको कृषकहरुबाट बिल भरपाई पेश भएको | १२५००० |
| | | **जम्मा** | **५००००० ** |

७९.१ **प्राविधिक नापजाँचः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल,२०७७ मा पकेट विकास कार्यक्रम अन्तरगत संचालन भएका निर्माण कार्यको लागत अनुमान तयार गरी कार्यसम्पन्नको सम्बन्धित प्राविधिकले नापजाँच पश्चात मात्र अनुदान भुक्तानी दिने र कार्यक्रमहरुको स्थानीय तहको सम्बन्धित शाखाले निरन्तर अनुगमन गरि प्रतिवेदन पेश गर्ने व्यवस्था रहेको छ। पालिकाले माथि उल्लिखित ४ वटा कृषक समूहलाई बाट ओखरको विरुवा र विषादी खरिद बापत रु.५०००००.० अनुदान भुक्तानी भएको देखियो। उक्त कार्यको लागत अनुमान तयार र स्वीकृत बेगर विरुवा रोप्नको लागि खाडल खन्ने कार्यबापत सम्बन्धित कृषकले रु.५०००००.० लागत सहभागिता उल्लेख गरी भरपाई पेश भएको पाईयो। निजहरुले खनेको खाल्डो कतिवटा रहेका, खाडल कति मिटर लम्बाई गराई भएको उल्लेख नभएको र प्राविधिकबाट नापजाँच तथा अनुगमन प्रतिवेदन समेत पेश भएको देखिएन। अत: म्यानुअल भएको व्यवस्थानुसार प्राविधिकबाट खाडलको नापजाँच प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

७९.२ **लागत सहभागिताः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल,२०७७ मा पकेट विकास कार्यक्रममा ५० प्रतिशत लागत सहभागिताको प्रावधान उल्लेख छ। उक्त पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रमको लागि पालिकाबाट रु.५ लाख र सम्बन्धित कृषकबाट रु.५ लाख लागत सहभागिता समेत रु.१० लाखको कार्य भएको हुनुपर्दछ। तर लागत सहभागिताबापत विरुवा रोप्ने खाडल मात्र खनेबापत रु.५ लाखको भरपाई कृषकले पेश गरेका सो लाई पुष्टाई गर्ने प्राविधिक नापजाँच तथा अनुगमन प्रतिवेदन पेश नभएकोले उक्त लागत सहभागिताको रकम यथार्थ हो भन्न सकिने आधार पेश भएन। अत: यस्ता पकेट कार्यक्रममा पालिकाले विरुवा, विषादी तथा कृषि सामाग्री समेतमा स्पष्ट लागत सहभागिता हुने गरी कार्यक्रम संचालन गरीनुपर्दछ।

७९.३ **प्रशिक्षण भत्ता**: माथि उल्लिखित भौ.न.बाट कृषक समूहलाई अनुदान निकासा गरेको विल भरपाईमा कृषि अधिकृत मोहन सिंह धामीलाई प्रशिक्षणबापत रु.५०००.० का दरले रु.२००००.० भुक्तानी गरेको भरपाई पेश भएको देखियो। सो सम्बन्धमा सम्बन्धित कृषक समूहसँग बुझ्दा पकेट विकास कार्यक्रममा प्रशिक्षण कार्य नभएको उल्लेख भएकोले निजलाई भुक्तानी भएको रकम रु.१७०००.०(करकट्टी सहित) कृषि अधिकृत मोहन सिंह धामीबाट असुल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,००० |

८० **किसान सूचिकरण कार्यक्रमबाट ल्यापटप खरिदः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले किसान सूचिकरण कार्यक्रममा विनियोजित भएको बजेट भौ.न.४१-०८०।९।२ बाट गड्तौला ट्रेडर्स धनगढीलाई २ थान ल्यापटप र २ थान प्रिन्टर खरिदबापत रु.२४१२००.० भुक्तानी

भएको देखियो। एक शिर्षकमा विनियोजित भएको बजेट फ्रिज हुन नदिने मनासायले किसान सूचिकरण कार्यविधि,२०७७ विपरित खरिद गरेको अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २,४१,२०० |

## ८१ दररेट विश्लेषण

८१.१ ठेक्का नम्बर १।२०८०।८१

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उप नियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ठेक्का अवधी २०८०।९।४ देखि २०८१।१२।४ हुनेगरी नमस्कार निर्माण एण्ड ढुवानी सेवाबाट श्री गलैनाथ माविको भवन निर्माण कार्य गराएकोमा जग खन्ने कार्य गर्दा सडकसंग जोडिएको ठाँउमा समेत म्यानुअल रेट राखि बढि भुक्तानी भएको हुँदा असूल हुनुपर्ने रु.

| विवरण | परिमाण | दर | रकम रु. |
|---|---|---|---|
| E/W excavation मा ३३६ घन मिटर मध्ये हाल सम्मको भुक्तानी | १९०।६९ | ६७८ | १२९२८७ |
| E/W back filling मा २३०।२३ घन मिटर मध्ये हाल सम्मको भुक्तानी | १४०।५३ | ४५२ | ६३५१९ |
| म्यानुअल रेट अनुसार जम्मा | ३३१।२२ | | १९२८०६ |
| मेशिनबाट माटो खन्ने दररेट रु. ८६।६७। प्रति घन मिटर | ३३१।२२ | | २८७०६ |
| बढि भुक्तानी भएको असूल हुने रु. | | | १६४१०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६४,१०० |

८१.२ पालिकाले प्रशासकीय भवन निर्माण कार्यका लागि मिति २०८२।२।३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०८०।३।११ मा ठेक्का सम्झौता गरको थियो । ठेक्का रकम रु. १०१९६४३४२। हुनेगरी निर्माण व्यवसायी चादनी नमस्कार जेभीसंग ठेक्का सम्झौता भएको थियो । यस ठेक्काको सम्बन्धमा देहायअनुसार देखियो:

क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उप नियम १ माखरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माणाधीन प्रशासकीय भवनको एज विल्ट ड्रइङ तयार गर्ने अवस्था नै नभएको अवस्थामा एज विल्ट ड्रइङ बापतको भुक्तानी भएको हुँदा असूल हुनुपर्ने रु. ८२३५८

ख) निर्माण कार्यको वीमा नगरी वीमा बापतको रकम भुक्तानी भएको हुँदा असूल हुनुपर्ने रु. २८२३३८

ग) भवन निर्माण स्थल सम्म गाडि जान सक्ने ठाँउ भएकोमा माटो खन्ने पुर्ने कार्यका लागि म्यानुअल रेटमा भुक्तानी भएको हुँदा बढि भएको रकम असूल हुनुपर्ने रु. २७९७५५

| विवरण | परिमाण | दर | रकम रु. |
|---|---|---|---|
| E/W excavation मा ८७७।४ घन मिटर मध्ये हाल सम्मको भुक्तानी | ३९० | ५६५ | २२०३५० |
| E/W back filling मा 655.85 घन मिटर मध्ये हाल सम्मको भुक्तानी | ४७५।९६ | २८२।५ | १३४४५८ |
| म्यानुवल दररेट अनुसार जम्मा भुक्तानी (क) | ८६५।९६ | | ३५४८०८ |
| मेशिनबाट माटो खन्ने दररेट रु. ८६।६७। प्रति घन मिटर (ख) | ८६५।९६ घन मि. | | ७५०५३ |
| बढि भुक्तानी भएको असूल हुने रु. (ग=क-ख) | | | २७९७५५ |

| असुल गर्नुपर्ने | ६,४४,४५१ |
|---|---|

८१.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उप नियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।श्री गोकुलेश्वर मावि भवन निर्माण कार्यका लागि विद्यालय व्यवस्थापन समितिबाट काम गरेकोमा जेसिबि जाने ठाँउमा भवन निर्माण कार्य भएकोमा म्यानुअल दररेटमा माटो खन्ने कार्यको भुक्तानी भएको हुँदा मेशिनको दररेट भन्दा बढि भुक्तानी गरेको असुल हुनुपर्ने रु.

| विवरण | परिमाण | दर | रकम रु. |
|---|---|---|---|
| जेसिवि जाने ठाउँ समेत म्यानुअल दररेटमा भुक्तानी गरेको | ३२९ | ५८० | १९०८२० |
| मेशिनबाट माटो खन्नेपुर्ने कार्य दररेट रु. ८६।६७ । घन मिटरका दरले हुने गरेको । | ३२९ | ८६।६७ | २८६१४ |
| बढि भुक्तानी | | | १६२३०५ |

| असुल गर्नुपर्ने | १,६२,३०५ |
|---|---|

८१.४ १०६।२०८१।१।२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उप नियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले नमस्कार निर्माण तथा ढुवानी सेवालाई प्रशासकीय र कृषि भवन निर्माण कार्यको Site clearance को कार्य गर्दा पुरानो भवन भत्काउने कार्यका लागि म्यानुवल दररेट विश्लेषण गरी काम गराएको जनाई रु.५९०५३०।३२ भुक्तानी गरेको छ । पुरानो भवन भत्काउने साइट सडक बाटोसंग जोडिएको हुँदा जेसिबि जाने ठाँउमा रहेको पाइयो । यसरी मेशिनको प्रयोग हुन सक्ने ठाँउमा म्यानुअल काम भएको भनी विश्वस्त हुन सकिएन । पुरोन भवनको सामाग्री तथा ढुंगाहरु कहाँ प्रयोग भयो वा विक्री भएको हो एकिन हुनुपर्दछ । मेशिनको दर भन्दा बढि भुक्तानी गरेको असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २,८७,९५६ |
|---|---|

८२ **देथला तौकीथला बारिल सडक**

ठेक्का अवधी : २०८०।१०।१८ देखि २०८१।३।१० हुने गरी देथला तौकीथला बारिल सडक निर्माण कार्यका लागि निर्माण व्यवसायी अनिता निर्माण एण्ड ढुवानी सेवा संग कबोल अंक : रु. ४४५५५०१।४४ हुनेगरी ठेक्का सम्झौता भएको थियो । ठेक्काको लागत अनुमान ९६८०३७८। रहेको थियो । मिति २०८१।२।२ मा पालिकाले रु. ४५३५५०।१० पेश्की दिएकोमा पेश्की ग्यारेण्टीको म्याद २०८१।३।३० मा नै समाप्त भएको देखिन्छ । हाल सम्म निर्माण व्यवसायीले कुनै काम गरेको छैन । कार्य सम्पादन जमानत रु. २०६९०००।को म्याद २०८२।२।१२ सम्म रहेको छ । पालिकाले ठेक्का सम्झौता कार्यान्वयनका लागि उल्लेख्य पहल गरेको छैन । पालिकाको अनुसार मौखिक रुपमा पटक पटक काम गर्नका लागि अनुरोध गर्दा पनि निर्माण व्यवसायीले बेवास्ता गरेको हुँदा पालिकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ अनुसार ठेक्का रद्ध गर्ने तयारीमा रहेको भनाई छ ।निर्माण व्यवसायीले पेश्की लिएर कुनै काम नगरेको हुँदा उक्त पेश्कीमा वार्षिक १० प्रतिशत व्याज समेत एकिन गरी असूल गर्नुपर्ने रु. ४५३५५०। साथै कार्य सम्पादन जमानत रु.२०६९०००। समेत जफत गरी बेरुजु दाखिला हुनुपर्दछ ।त्यसैगरी उक्त निर्माण कार्य सम्पन्न गर्न लाग्ने रकम मूल्याङ्कन गरी निर्माण व्यवसायीबाट भराई लिनु पर्दछ ।

क) पेश्की जमानत रु. ४९८९०५ पालिकाले एकिन गरी ब्याज समेत जफत गर्नुपर्दछ ।

ख) कार्य सम्पादन जमानत जफत हुनुपर्ने रु. २०६९०००

ग) निर्माण कार्य सम्पन्न गर्न लाग्ने रकम मूल्याङ्कन गरी सरकारी बाँकी सरह असूल गर्नुपर्ने ।

घ) निमय १४१ अनुसार कालोसूचीमा राख्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नु पर्दछ ।

| असुल गर्नुपर्ने | २०,६९,००० |
|---|---|

८३ **न्यून श्रमदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । नगरपालिकाले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले देहायअनुसारका उपभोक्ता समितिहरुबाट काम गराएकोमा तोकिएको भन्दा कम जनसहभागीता कट्टा गरेको हुँदा बढि भुक्तानी भएको असूल हुनुपर्ने रु.

| क्रस | मिति भौचर | विवरण | कट्टा हुनुपर्ने रु. | कट्टा भएको रु. | असूल हुनुपर्ने रु. |
|---|---|---|---|---|---|
| | | पालिका पूँजीगत | | | |
| १ | १३।२०८०।८।२० | रेलाडी खोला संरक्षण निर्माण उपभोक्ता समिति | १४१२२ | ७८९८ | ६२२४ |
| २ | २२।२०८०।८।२२ | चौड बस्ती बाटो सोलिङ उपभोक्ता समिति | १९०८० | ८९९० | १००९० |
| ३ | २५।२०८०।८।२७ | मवाधार पोखरी निर्माण उपभोक्ता समिति | २०००० | १०५४३ | ९४५७ |
| ४ | ४१।२०८०।९।१३ | थामु देखि सल्लेघार सम्म सोलीङ बाटो | ४८०५५ | ४०५९८ | ७४५७ |
| ५ | ४३।२०८०।९।१३ | सिचाई पोखरी निर्माण नकतड तल्लो गाउँ | १८७१८ | १५९१० | २८०८ |
| ६ | ४६।२०८०।९।१८ | लटिनाथ मन्दिर निर्माण उपभोक्ता समिति | ४७३६२ | ३९७७० | ७५९२ |
| ७ | ४९।२०८०।९।२२ | नायल कुलो निर्माण उपभोक्ता समिति | १९२०० | १८७९ | १७३२१ |
| ८ | ५५।२०८०।१०।१४ | प्रहरी बिट रानी शिखर शैचालय निर्माण | २६१४९ | २२१४९ | ४००० |
| ९ | ५८।२०८०।१०।१८ | मौरी भिटा शौचालय निर्माण | २२९६६ | १४७१४ | ८२५२ |
| १० | ७०।२०८०।१२।५ | देथला छोला बलाँच सडक खण्ड सफाई | ९५६१९ | ५०९२५ | ४४६९४ |
| ११ | ५३।२०८१।३।२४ | जगनाथ आबि घेरापर्खाल नि | १५४८१९ | ९०८६६ | 63953 |
| | | **प्रदेश सरकारबाट हस्तान्तरित** | | | |
| १२ | २१।२०८१।२।१७ | श्रीगलैनाथ मावि फिल्ड निर्माण | ९८५६२ | ७०००० | २८५६२ |
| १३ | ४३।२०८०।३।२० | भगवती खानेपानी शौचालय शैल्यशिखर | ४७७५० | ३६१३१ | ११६१९ |
| | | **संघ तर्फ सरकारबाट हस्तान्तरित** | | | |
| १४ | १४६।२०८१।३।२२ | मुलौरा देखि खालिगाड सिंचाई कुलो निर्माण | १९२००० | १०९१५१ | ८२८४९ |
| १४ | १४९।२०८१।३।२२ | मनोकामना कृषि तथा पशुपंक्षी विकास फर्म | १०४५८६६ | ९६००० | ९४९८६६ |
| १५ | १५२।२०८१।३।२३ | ठुलागैर खानेपानी मर्मत योजना | १०५३४७ | ७४४०३ | ३०९४४ |
| १६ | १६१।२०८१।३।२४ | पञ्चानन महादेव मन्दिर फिल्ड निर्माण | १२१००० | ८९००० | ३२००० |
| | | जम्मा | | | 1317688 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,१७,६८८ |

## ८४ उपभोक्ता समितिबाट खरिद

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । यस वर्ष उपभोक्ता समितिबाट सम्पादित योजनाहरु मध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ३ उपदफा २, दफा ४ उपदफा १ खण्ड ञ र दफा ४ को उपदफा १ खण्ड ट को व्यवस्था अनुसार कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु १ करोडसम्म भएको तथा स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्थाको पूर्ण पालन भएको देखिदैन । उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

२) भुक्तानीको सिफारिसः उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको र केहिमा त्यस्तो सिफारिस समेत संलग्न नगरेको समेत देखियो । उपभोक्ताबाट सम्पादित कार्य केहिमा फोटो संलग्न भएको भएतापनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

३) कामको नापजाच र हस्तान्तरणः योजनाहरुको नापी कितावमा प्राविधिक कर्मचारीको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी, प्रमुख प्रशासकिय अधिकृत र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो । उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्यांकन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । सम्वन्धित वडा तथा स्थानिय तहले संचालन गरेका योजनाहरुको अभिलेख अद्यावधिक गर्ने गरेको पाइएन । अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको एकिन गर्न सकिएन । पालिकाले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ ।

४) जनसहभागिताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । नगरपालिकाले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा १० प्रतिशत

उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको १० प्रतिशत रकम ब्यहोर्ने गरी सम्झौता गरेको देखियो । उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ । कतिपय मेशिनबाट काम गर्ने कार्यको लागि उपभोक्ता समितिका विजकमा डोर हाजिरी संलग्न राखेको देखियो । कामको प्रकृती, प्राविधिक विल, उपभोक्ता समितिबाट पेश भएका प्रमाणहरु एक अर्कामा मेल भएको देखिदैन । प्राविधिक विलमा उल्लेख भएको निर्माण सामग्री बराबरको सिमेन्ट, रड, इटाको विजक नराखि डोर हाजिर भुक्तानी भएको परिमाण भन्दा बढिको राखेको देखिन्छ । यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन । पालिकाले यस सम्वन्धमा आवश्यक निति अख्तियार गर्नुपर्दछ । साथै, उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नुपर्दछ ।

५) सार्वजनिक परिक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक निर्माण, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने(विद्यालय भवनहरु), मन्दिर निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

६) बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सिक्ने अवस्था देखिएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

७) अनुगमन समितिः नगरपालिका उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

८) म्यादथपः पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

९) जटिलसंरचना निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गरेका निर्माण कार्यहरु मध्ये अधिकाशं निर्माण कार्य आर सि सी फ्रेम स्ट्रक्चर सहितका भवन निर्माण, सडक ढलान गर्ने, मन्दिर निर्माण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

१०) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ र पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी

कार्यविधी,२०७५ को दफा ३ उपदफा २, दफा ४ उपदफा १ खण्ड ञ र खण्ड ट लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा कुल लागत रु १ करोडसम्म भएको र स्थानीय सीप, स्रोत साधन उपयोग हुने श्रममूलक आयोजना उपभोक्ता समितिबाट कार्य गराउन सकिने, जटिल प्रकृतिका र उपभोक्ता आफुले गर्न नसकिने कार्यहरु उपभोक्ता समितिबाट गराउन नहुने आदि सम्बन्धी प्रावधानहरु रहेका छन् । पालिकाले कार्यान्वियनमा ल्याएको कार्यविधिको दफा १६ ङ सँग सम्वन्धित अनुसूची ६ मा निर्माण सामग्रीमा भएको खर्च, ज्याला, मसलन्द सामान, दैनिक भ्रमण भत्ता, प्राविधिक निरीक्षण वापत खर्च र अन्य खर्चको विवरण समावेश गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार भुक्तानी भएका योजनाहरु परीक्षण गर्दा आयोजनाको लागत अनुसार खर्च रकम कम भएको देखिन्छ । पालिकाले कार्यान्वियनमा ल्याएको कार्यविधि, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा भएको व्यवस्था बमोजिम उपभोक्ता समितिको गठन, संचालन, योजनाहरुको सम्झौता, योजनाहरुको कार्यन्वयन, योजना अनुगमन, पेश्की फछ्यौंट, योजनाहरुको कार्य सम्पन्न, योजना फरफारक लगायतका विषयहरुको पूर्णपालना भएको देखिदैन । उपरोक्त व्यवस्था बमोजिम काम भएको हो भनी आश्वस्त हुन नसकिएकोले उपभोक्ता समितिबाट सम्पादित योजनाहरुलाई कानूनमा भएको व्यवस्था बमोजिम परिपालना गराउनुपर्दछ ।

८५ **बगौरा बरमुडे रानी शिखर सडक**

पालिकाले बगौरा बरमुडे रानी शिखर सडक निर्माण कार्यका लागि निर्माण व्यवसायी श्रीगणेश निर्माण सेवासंग ठेक्का अवधी मिति २०८०।१०।१९ देखि २०८१।३।१० सम्म हुनेगरी, कबोल अंक रु. ३९०४८५६ मा ठेक्का सम्झौता गरेकोमा तोकिएको समयमा निर्माण कार्य सम्पन्न भएको जनाएको छ । सडक खन्ने कार्यको Cross section drawing तयार गरेको छैन । चेनेजको शुरुवाति र अन्तिम बिन्दु कुन ठाँउ हो नखुलाएको कारण Exact Location पहिचान हुन सकेन । यस्तो अवस्थामा योजनाहरु बिच Overlapping and duplication हुन सक्ने तर्फ पालिका जिम्मेवार हुनुपर्दछ । क्रशसेक्सन ड्रइङ बेगर बाटो खन्ने कार्यको प्राविधिक पुष्ट्याई हुन सकेन । यस सम्बन्धमा थप व्यहोरा देहायअनुसार छन्

क) जनरल आइटम्समा रु ११३०००। भुक्तानी भएकोमा त्यसको कामको विवरण उल्लेख नभएको हुँदा भुक्तानी गरेको हुँदा खर्च पुष्ट्याई पेश हुनुपर्ने रु. ११३०००

ख) सडक खन्ने कार्यबाट उत्खनन भएको सामाग्रीहरुको ढुवानी (Transportation and haulage) खर्चबापत ठेक्का रनिङ विलबाट रु. ६२९२४०। भुक्तानी गरेको हुँदा खर्च पुष्ट्याई पेश हुनुपर्ने रु. ६२९२४०

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,४२,२४० |

८६ **बलाँच भुईकाडा सैनवन थला सडक**

ठेक्का नम्बर : ४।२०८०।०८१


पालिकाले बलाँच भुईकाडा सैनवन थला सडक निर्माण कार्यका लागि मिति २०८१।३।१० मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०८०।११।२ मा ठेक्का सम्झौता भएको थियो । लागत अनुमान रु७६५९२३६। रहेको निर्माण कार्यको ठेक्का रकम रु. ३०११६२९।६७ । हुनेगरी निर्माण व्यवसायी श्रीगणेश निर्माण सेवासंग ठेक्का सम्झौता भएको थियो । यस ठेक्काको सम्बन्धमा देहायअनुसार देखियो:

क) सडक खन्ने कार्यको Cross section drawing तयार नगरी बाटो खन्ने कार्य गरेको हुँदा यस्तो कार्यको प्राविधिक पुष्ट्याई हुन सकेन । चेनेजको शुरुवाति र अन्तिम बिन्दु कुन ठाँउ हो उल्लेख नगरेको हुँदा यस्तो अवस्थामा योजनाहरु बिच Overlapping and duplication हुन सक्ने तर्फ पालिका जिम्मेवार हुनुपर्दछ । जनरल आइटम्समा रु ९०४००। भुक्तानी भएकोमा त्यसको कामको विवरण उल्लेख नभएको हुँदा यस्तो खर्चको प्राविधिक पुष्ट्याई पेश हुनुपर्ने रु. ९०४००

ख) सडक खन्ने कार्यबाट उत्खनन भएको सामाग्रीहरुको ढुवानी (Transportation and haulage) खर्चबापत ठेक्का रनिङ विलबाट भुक्तानी गरेको खर्चको पुष्ट्याई पेश हुनुपर्ने रु. ३३३३७९

ग) स्थलगत निरीक्षण : सडक निर्माण कार्यको Location and Alignment एकमदै भिरालो जमीनमा भएको कारण सडक खनेको क्षेत्रमा पहिरो गएको हुँदा हाल सडक संचालन गर्न कठिन हुने देखिन्छ । सडक निर्माण कार्यको सर्भे, साइट सेलेक्शन तथा निर्माण कार्यको प्रोटेक्सन वर्क, ग्याबिन वर्क जस्ता कार्य उपर उचित ध्यान नदिएको कारण सडक संचालन भएको छैन । निर्माण कार्यको

स्थलगत निरीक्षण गर्दा जमीन धेरै भिरालो भएको ठाउँमा समेत कटिङको मात्र कार्य गरेको र अत्यावश्यक ठाँउमा समेत फिलिङ, ग्याबिन वर्क, प्रोटेक्सन वर्क जस्ता कार्य नगराएको कारण सम्पूर्ण सडक काम नलाग्ने गरी पहिरो गएको हुँदा यस्तो निर्माण कार्य उपयोग विहिन भएको देखियो यस सम्बन्धा पालिका जवाफदेही हुनुपर्दछ । स्थलगत निरिक्षणको फोटो संलग्न रहेको छ ।



| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२३,७७९ |

८७ **व्यवस्थापन खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउन सक्ने व्यवस्था उल्लेख छ । देहायअनुसारका उपभोक्ता समितिहरुलाई व्यवस्थापन खर्च भुक्तानी भएको मनासिव देखिएन ।

क) ७।२०८०।१०।१९ थेउडा खोला झोलुङ्गेपुल निर्माण उपभोक्ता समितिबाट झोलुङ्गेपुल निर्माण कार्य गराएको जनाई रु. १३६००७९।३० भुक्तानी गरेकोमा निर्माण कार्यको विस्तृत नापजाँच प्रतिवेदन तयार गरेको छैन । त्यसैगरी निर्माण कार्यको गुणस्तर परिक्षण समेत नगरेको हुँदा गुणस्तर आश्वस्त हुन सकेन । त्यसैगरी प्राविधिक विलमा उपभोक्ता समितिको लागि व्यवस्थापन खर्च समेत समावेश गरी रु. ५१५१५। भुक्तानी गरेको मनासिव नदेखिएको हुँदा असुल हुनुपर्ने रु. ५१५१५

ख) २६।२०८१।२।२८ मनाने झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिसंग २०७६।६।१६ मा रु. १९८८३९९। मा सम्झौता गरेको स्रेस्ता पेश गरी आर्थिक वर्ष २०७९।८० मा निर्माण कार्य सम्पन्न भएको जनाई भुक्तानी बाँकी कच्चावारी प्रमाणित नगरी रु ८६७३९५। भुक्तानी गरेको मनासिव देखिएन । निर्माण कार्यको विस्तृत नापजाँच प्रतिवेदन तयार गरेको छैन । त्यसैगरी निर्माण कार्यको गुणस्तर परिक्षण समेत नगरेको हुँदा गुणस्तर आश्वस्त हुन सकेन । प्राविधिक विलमा उपभोक्ता समितिको लागि व्यवस्थापन खर्च समेत समावेश गरी रु. ५००००। भुक्तानी गरेको मनासिव नदेखिएको हुँदा असुल हुनुपर्ने रु. ५००००

| असुल गर्नुपर्ने | १,०१,५१५ |
|---|---|

८८ **रितपूर्वक भुक्तानी नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि उल्लेख छ । सोही निकयको उप नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात समावेश रहेनरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकाले देहायअनुसारको भुक्तानी गर्दा नियमावलीको उल्लेखित व्यवस्था पालना भएको पाइएन ।

क) १५६।२०८१।३।२४ लटिनाथ आधारभुत विद्यालय बारिललाई ४ कोठे भवन निर्माण कार्यको विजुलीको कार्य र सानिटरी वर्कको लागि सम्झौता रकमको ४ प्रतिशत हुने शर्त उल्लेख गरी विवरण नखुलाई फ्लाट रेटमा रु. ११५०५६ भुक्तानी गरेको छ । यसरी Electrical and sanitary items को विस्तृत विवरण उल्लेख नगरी खर्चको भुक्तानी दिएको अनियमित रु.

ख) ८८।२०८०।१२।१३ वडा नम्बर २ का सम्पूर्ण विद्यालयहरुका लागि डेक्स बेन्च निर्माण गरेको जनाई ४८ सेट डेक्स बेन्चको एकमुष्ठ रु. ८५५०००। भुक्तानी गरेकोमा उक्त सामान हस्तान्तरण तथा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ ।

| अनियमित भएको | १,१५,०५६ |
|---|---|

८९ **अन्य प्रयोजनको खर्च**

७१।२०८१।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि उल्लेख छ । सोही निकयको उप नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात समावेश रहेनरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । गलबाब कालिछिनी निर्माण सेवालाई जिल्ला प्रहरी कार्यालयको ब्याडमिन्टन कवर्टहल निर्माणको भुक्तानी बापत रु ४९९४३८। भुक्तानी गरेको छ । यसरी छुट्टै बजेट विनियोजन हुन कार्यालयका लागि पालिकाले खर्चको भुक्तानी गरेको मनासिव देखिएन ।

९० **कार्यक्रम संशोधन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा विनियोजन ऐनअनुसार तोकिएको कार्यक्रममा बजेट खर्च गर्नुपर्ने सम्बन्धी कार्यविधि उल्लेख छ । पालिकाले देहायअनुसारका संघीय सरकारबाट हस्तान्तरित योजनाहरुमा विनियोजन भएको बजेटबाट भएको निर्माण कार्य न्यून रकममा ठेक्का लागेको जनाई बाँकी बजेट तथा पालिका तर्फको समपुरक बजेटबाट कार्यपालिका बैठकबाट कार्यक्रम संशोधन गरेको जनाई देहायअनुसारका कार्यक्रमहरुमा खर्च गरेको मनासिब देखिएन। तोकिएको बजेट सम्बन्धित कार्यक्रममा खर्च गर्नु पर्दछ ।

| मिति भौचर | विवरण | रकम रु. |
|---|---|---|
| ५५।२०८१।३।२४ | बगौरा बरमुडे रानीशिखर सडक निर्माणका लागि विनियोजन भएको बजेटबाट कोटोखान अम्तोली पपरथला खिरखोला रिम्बाटा सडक सफाईको कार्य उपभोक्ता समितिबाट काम गराएको छ । | ५४५९४९ |
| ६१।२०८१।३।२४ | देथला तौकीथला बारिल सडक कार्यक्रमको बजेटबाट श्री भुवनेश्वरी आधारभुत सल्लेलाई भुक्तानी गरेको । | ९६०००० |
| ६४।२०८१।३।२४ | देथला तौकीथला बारिल सडक कार्यक्रमको बजेटबाट दलित समुदायमा कुर्सी टेन्ट टेवल भाडा लगायतका सामाग्री खरिद । | ३३०९३६ |
| ६७।२०८१।३।२४ | देथला तौकीथला बारिल सडक कार्यक्रमको बजेटबाट विगत वर्षको भुक्तानी बाँकी कच्चावारी प्रमाणित नगरी विभिन्न ठाँउमा सडक सफाई गरेको भुक्तानी । | ८००००० |
| ७२।२०८१।२।२४ | देथला तौकीथला बारिल सडक कार्यक्रमको बजेटबाट भगवती इन्जिनियरिङ वर्क सपलाई गाडी मर्मत गराएको भुक्तानी गरेको । | ३००००० |
| | जम्मा | २९३६८८५ |

९१ **होटल बास खर्च ५१।२०८१।३।२४:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल र सार्वजनिक खर्चमा मितव्ययीता सुनिश्चित गर्नुपर्ने उल्लेख छ । स्वास्थ्य शिविर संचालनमा काठमाण्डौ केएमसी हस्पिटलका ३० जना डाक्टरहरुलाई ३ दिनको खाना खाजा तथा बास खर्च भुक्तानी गरेको छ । १ दिनको स्वास्थ्य शिविर संचालन भएकोमा ३ दिनको खर्च रु. ३६५९९०। भुक्तानी गरेको मनासिव देखिएन । यसरी अन्य संस्थाहरुसंगको सहकार्यमा कार्यक्रम संचालन गर्दा आपसमा सम्झौता गरी लागत साझेदारी सम्बन्धी सम्झौता नगरी खर्च लेखेको मनासिव देखिएन ।

९२ **विस्तृत नापजाँच**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उप नियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। निर्माण कार्यको Re-bar work मा spacing नखुलाएको, Earth work सम्बन्धी कार्यको Ground level खुल्ने विवरण उल्लेख नगरेको, Gabion Works कुन ठाँउमा गरेको चेनेजको शुरुवात बिन्दु कुन ठाँउमा हो उल्लेख नगरेको हुँदा निर्माण कार्यको परिमाण एकिन गर्न सकिएन । कार्यालयले ड्रइङ डिजाईनमा ग्राउण्ड लेभल समेत उल्लेख नगरी खर्च लेखेकोले कार्यालयले एकिन गर्नुपर्दछ । Earthwork excavation, Road way excavation को कार्य गर्दा Ground Level देखि तल कति कटान गर्ने¸फिलिङ गर्ने हो सो नखुलेको Cutting र filling को परिमाण एकिन गर्न सकिएन ।Earthwork excavation, Site development, back filling embankment लगायतको कार्य ठुलो परिमाणको कार्य गर्दा Cross section drawing समावेश नगरेकोले परिमाण एकिन गर्न सकिएन । Masonry wall, Earthwork, Road लगायतको कार्य गर्दा Breath र Height Average मा राखेको जवाफ प्राप्त भएपनि नापी कितावमा उल्लेख नगरेकोले कति Size र Number को Sample Data प्रयोग गरी Average उल्लेख नगरेकोले परिमाण एकिन गर्न सकिएन ।RCC को निर्माण कार्य गर्दा Bar Bending Schedule तयार गरेको छैन । डण्डीको Spacing कति को फरकमा राख्ने हो सो खुलाएको छैन ।यस सम्बन्धमा जिम्मेवार व्यक्ति जवाफदेहि हुनुपर्दछ । देहायअनुसारका निर्माण कार्यहरुको प्राविधिक नापजाँच गर्दा निश्चित दुरीलाई आधारमानी चेनेज खुलाई नापजाँच नगरी एकमुष्ट निर्माण कार्यको कूल लम्बाईको औषत चौडाई तथा उचाई उल्लेख गरी परिमाण गणना गरी नापजाँच गरेको हुँदा यस्तो नापजाँच यथार्थपरक भएको सुनिश्चित हुन सकेन । केही उदाहरणहरु :

| मिति<br>भौचर | विवरण | रकमरु. |
|---|---|---|
| १०।२०८०।८।१३ | पांगरबाट वढोले किमि घोरेटो बाटो निर्माण कार्यमा<br>९२ मिटर लामो बाटोमा ढुंगाको सोलिङ बनाउने कार्यमा एकमुष्ठ<br>औषतमा (92m*1.2m*0.15m) लाई आधारमानी परिमाण गणना गरेको छ। | ९२५०७ |
| १८।२०८०।८।२१ | घट्टेगाडदेखि औलापिपलसम्म पदमार्ग पिसिसि बाटो निर्माण कार्यमा<br>२८८ मिटर लम्बाई १.1 मिटर चौडाई र<br>०.०८ मिटर उचाई भएको निर्माण कार्यको एकमुष्ठ औषतमा नाप जाँच गरेको छ। | २७७०३६ |
| ४०।२०८०।९।१२ | रतगाउँ सिचाई कुलो मर्मत योजनामा १०५ मिटर क्यानल मर्मत कार्यको<br>एकमुष्ठ नापजाँच गरेको। | १८६७२३ |
| ४९।२०८०।९।२२ | नायल कुलो निर्माण कार्यमा ५५ मिटर क्यानल निर्माण कार्यको एकमुष्ठ<br>नापजाँच गरेको। | ९६०००० |
| ५६।२०८०।१०।१७ | शिखरधाम सोलिङ बाटो निर्माण कार्यमा ११९९ मिटर बाटो निर्माण<br>गरेको जनाई एकमुष्ठ (1199*1.5*0.03)<br>नाप जाँच गरेको। | ९५९०५७ |
| ६७।२०८०।१०।२१ | कोटेशनबाट भागीरथी आधारभुत विद्यालय घेराबार तथा पर्खाल निर्माण<br>प्लमवर्क कार्यको ड्रइङ डिजाइन बेगर निर्माण<br>गराएको। | ९००००० |
| ६८।२०८०।१०।२१ | कोटेशनबाट ड्रइङ डिजाइन तयार नगरी ठुलीसैनी गोधरी सडकमा<br>प्लमवर्कको कार्य गरेको। | ९००००० |
| ९३।२०८०।१२।१४ | ड्रइङ डिजाइन तयार नगरी धानाडाइजरमा पिसिसि सडक निर्माण कार्य गरेको। | ४६२०३६ |
| ९४।२०८०।१२।१५ | ड्रइङ डिजाइन तयार नगरी रोलसिमार खोला तटबन्ध निर्माण उपभोक्ताबाट<br>प्लमवर्क लगायको संरचना<br>निर्माण गरेको। | १४३१५११ |
| ११४।२०८१।२।१७ | ड्रइङ डिजाइन तयार नगरी उपभोक्ता समितिबाट तल्ला माडौ पिसिसिबाटो<br>निर्माण कार्य गराएको। | ९५३३५४ |
| ११७।२०८१।२।२१ | ओष्पालेक डाडाँ खाली पदमार्ग निर्माण अन्तर्गत ५१९ मिटर लामो सोलिङ<br>बाटो निर्माण गरेकोमा एकमुष्ठ<br>औषतमा नापजाँच गरेको। | १४३६५६२ |
| १२८।२०८१।३।१३ | झरतिपेसुपले खानेपानी मर्मत कार्य योजनामा ९८० मिटर पाइपलाइन खन्ने<br>पुर्ने कार्य गरेको जनाई भुक्तानी गरेकोमा एकमुष्ठ औषतमा नापजाँच गरेको। | ६६८२१७ |
| १४०।२०८१।३।२२ | कोटेशनबाट बजानी ग्वानी सडक निर्माण कार्यमा १००६७ घनमिटर सडक<br>खन्ने कार्य भएको उल्लेख भएकोमा क्रस सेक्सन ड्रइङ डिजाइन तयार गरेको छैन। | ९७८३११ |
| १४३।२०८१।३।२२ | ड्रइङ डिजाइन तयार नगरी बारिल तिर्सा सडक मेशिनरी वाल निर्माण | ९५७६६८ |
| १४६।२०८१।३।२२ | ड्रइङ डिजाइन बेगर मुलौरादेखि खालिगाड आरसिसि सिंचाई कुलो निर्माण गरेको। | ९४४१५४ |
| १५५।२०८१।३।२३ | कोटेशनबाट ड्रइङ डिजाइन तयार नगरी कपसाडी देखि पचानन महादेव मन्दिरसम्म<br>सडक निर्माण गरेको। | ८८४७६२ |

९३ **विविध खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल र सार्वजनिक खर्चमा मितव्ययीता सुनिश्चित गर्नुपर्ने उल्लेख छ । पालिकाले अथिति सत्कार कार्यका लागि चामल, चिनी, तेल लगायतका भान्सा प्रयोजनका सामाग्री खरिद गरेको जनाई विविध खर्च भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । केही उदाहरणहरु

| मिति भौचर | विवरण | रकम रु. |
|---|---|---|
| १३।२०८१।१२।१६ | न्यू आनन्द होटल एण्ड लजलाई खाजा खानाको भुक्तानी गरेको । | १२९२८० |
| ५२।२०८१।३।२४ | रानी रनेवास खुद्रा पसलबाट भान्सा प्रयोजनको सामान खरिद । | २९५५४० |
| ८७।२०८०।१२।१२ | रानी रनेवास खुद्रा पसलबाट अथिति सत्कार कार्यका लागि भान्सा प्रयोजनका सामाग्री खरिद गरेको जनाई प्यान विलमा सामान खरिदको भुक्तानी गरेको छ । खर्चलाई पुष्टि गर्ने अथितिहरुको विवरण तथा उपस्थितिको विवरण पेश नभएको हुँदा यस्तो खर्चको पुष्टि हुन सकेन । | २४०३७० |
| | जम्मा | ६६५१९० |

९४ **ढुवानी**

पालिकाले कतिपय निर्माण सामाग्रीहरुको दररेट विश्लेषण गर्दा धनगडी जिल्लाको जिल्ला दररेटलाई आधारमानी निर्माण स्थल सम्मको लिड (ढुवानी) रकम जोडी दररेट विश्लेषण गरेकोमा कोष प्रमाणित नगरेको कारण दररेट विश्लेषण यथार्थपरक भएको सुनिश्चित हुन सकिएन । यस कार्यलाई वैज्ञानिक र यथार्थपरक बनाउने तर्फ पालिका सजग र जिम्मेवार हुनुपर्दछ ।

९५ **कोटेशन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाखसम्म सोझै, नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहायअनुसार विभिन्न कामहरु कोटेशन मार्फत लागत अनुमानकै हाराहारीमा खरिद गरेको मितव्ययी एवं प्रतिस्पर्धी भएको सुनिश्चित हुन सकेन । खरिद कार्य गर्दा ऐन तथा नियमावलीको उल्लेखित व्यवस्थाको पालना गर्नुपर्दछ ।

| मिति भौचर | विवरण | रकम रु. |
|---|---|---|
| २२।२०८१।२।१७ | श्री जेवी ट्रेडर्स एण्ड सप्लायर्सबाट सौर्य बत्ती खरिद गरेको । जडान गरेको प्रमाण पेश भएको छैन । | ४६८३६० |
| २३।२०८१।२।१८ | यस कम्प्युटर एण्ड सप्लायर्सबाट २ थान ल्यापटप खरिद गरेको । | १९९७८४ |
| ३४।२०८१।३।२३ | नवीकरणीय उर्जा प्रविधि जडान कार्यक्रम अन्तर्गत इमर्जिङ अल्टरनेटिभ सस्टेनेवल टेक्नोलोजी प्रालिबाट १५० थान इन्डक्सन चुलो कुकर र कडाई लागत साझेदारीमा खरिद गरी स्थानीयलाई वितरण | ३७५००० |
| ५४।२०८१।३।२४ | शैल्यशिखर मालिकार्जुन निर्माण सेवा एण्ड सप्लायर्सबाट वडा नम्बर १ र २ को विभिन्न ठाँउमा सडक सफाई गरेको जनाई भुक्तानी गरेको । चेनेज विन्दु कहाँबाट शुरु र कहाँ अन्त्य भएको स्पष्ट खुलाएको छैन । | ८७९९३३ |
| | पालिका पूँजिगत | |
| ६५।२०८०।१०।१८ | एन एस इम्फोसिसबाट ८ थान डेल ल्यापटप तथा ८ थान प्रिन्टर्स | ९६४८०० |
| ६६।२०८०।१०।१८ | सुवेक्षा निर्माण सेवाबाट बजाड खत्कडा सडक वाल निर्माण । | ५७२४६९ |
| ६७।२०८०।१०।२१ | बालिचन मठैराज निर्माण सेवाबाट भागीरथी आधारभुत विद्यालय घेराबार पर्खाल निर्माण गराएको । | ९००००० |
| ६८।२०८०।१०।२१ | श्री आनन्द निर्माण सेवाबाट ठुलीसैनी गोधरी सडक घेरापर्खाल निर्माण | ९००००० |
| ८९।२०८०।१२।१४ | श्री गलैनाथ निर्माण सेवा एण्ड सप्लायर्सबाट ठुलीसैनी गोधरी सडकमा वाल निर्माण गरेको । | ८००००० |
| ९०।२०८०।१२।१४ | श्री गलैनाथ निर्माण सेवा एण्ड सप्लायर्सबाट रुइनेकी झेडी सडक निर्माण कार्यको भुक्तानी । | ६८७९०० |
| १४०।२०८१।३।२२ | बालिचन मठैराज निर्माण सेवाबाट कोटेशनबाट बजानी ग्वानी सडक निर्माण गरेको जनाई भुक्तानी गरेको । | ९७८३११ |
| १४८।२०८१।३।२२ | श्री गलैनाथ निर्माण सेवाबाट कोटेशनबाट मल्लिकुणी पतेगैर सुपले सडक निर्माण गरेको जनाई भुक्तानी गरेको । | ६२२६६० |
| १५५।२०८१।३।२३ | नौगडे निर्माण सेवाबाट कपसाडी देखि पचानन महादेव मन्दिर सम्म सडक निर्माण । | ८८४७६२ |
| | जम्मा | ९२३३९७९ |

९६ **गाडी भाडा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल र सार्वजनिक खर्चमा मितव्ययीता सुनिश्चित गर्नुपर्ने उल्लेख छ । यस्तो खर्चको आवश्यकता र औचित्य पुष्टि गरी खर्चमा नियन्त्रण गरी मितव्ययीता अपनाउनु पर्दछ ।

| मिति भौचर | विवरण | रकम रु. |
|---|---|---|
| ६२।२०८१।३।२४ | चन्द्र राम लुहारलाई गाडी रिजर्भ गरेको भुक्तानी गरेको । | ५८५०० |
| ६५।२०८१।३।२४ | श्याम सिह धामीलाई गाडी रिजर्भ गरेको भुक्तानी गरेको । | १२३४४० |
| | पालिका पूँजिगत | |
| ४८।२०८०।९।२० | चन्द राम लुहारलाई गाडी रिजर्भ गरेको भुक्तानी गरेको | १९५०० |
| १६३।२०८१।३।२४ | दलि सिह खत्रीलाई गाडी रिजर्भ गरेको भुक्तानी गरेको | १७५०० |
| १६४।२०८१।३।२४ | विभिन्न समयमा गाडी प्रयोग गरेको जनाई हरिश नाथलाई भाडा भुक्तानी गरेको । | २९३५०० |
| १६९।२०८१।३।२४ | विभिन्न समयमा गाडी प्रयोग गरेको जनाई रणजित सिहलाई भाडा भुक्तानी गरेको । | ५०००० |
| १७३।२०८१।३।२४ | विभिन्न समयमा गाडी प्रयोग गरेको जनाई धर्मन्द्र विष्टलाई भाडा भुक्तानी गरेको । | १२५००० |

९७ **पाइप खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उप नियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न उपभोक्ता समितिहरुबाट खानेपानी पाइप खरिदको भुक्तानी गरेको छ ।यसरी खरिद गरेको पाइपहरुको खन्ने पुर्ने कार्य गरेको प्राविधिक विल पेश नभएको हुँदा पाइपहरु सम्बन्धित कार्यमा प्रयोग भएको सुनिश्चित हुन सकिएन ।पालिकाको अनुसार यस्ता पाइपहरु स्थानीयहरुलाई वितरण गरेको र स्थानीयले खन्ने पुर्ने कार्य नगरी जमीन बाहिरीबाट पाइप राखेर पानी ल्याउने गरेको जवाफ प्राप्त भएको छ । यसरी उपभोक्ताहरुबाट छुट्टा छुट्टै टुक्रागरी प्रतिस्पर्धा बेगर खरिद गर्नुको सट्टा सम्पूर्ण वडाहरुबाट माग संकलन गरी खरिद योजना बनाई पालिकाले एकमुष्ट वोलपत्रका माध्यमबाट प्रतिस्पर्धा गराई खरिद गर्दा बढि स्वच्छ पारदर्शी एवं प्रतिस्पर्धी हुने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

| मिति भौचर | वितरण | रकम रु. |
|---|---|---|
| १२।२०८०।८।२० | पनेर खोला देखि परासैनी सम्मका लागि खानेपानी एचडिपि पाइप खरिद गरेको । | ९२९४२ |
| १५।२०८०।८।२० | वडा नम्बर ७ खालीमा एचडिपि पाइप खरिद गरेको । | ४७५०० |
| २४।२०८०।८।२७ | मल्लो बसुनढुङ्गा सिचाई पाइप खरिद गरेको । | ९३७७८ |
| ५९।२०८०।१०।१८ | कोदेखोला देखि पलास सम्म सिचाई कार्यका लागि पाइप खरिद । | ९६३१२ |
| ८३।२०८०।१२।९ | नायल खोला सिंचाई पाइप खरिद गरेको । | ४७५०० |
| ११५।२०८१।२।१७ | उपभोक्ता समितिबाट पाइप खरिद गरेको । | १३९०६५ |
| १३५।२०८१।३।१९ | ग्वानी धारा खानेपानी पाइप खरिद उपभोक्ता समितिबाट पाइप खरिद गरेको । मुहानबाट पाइप खरिद गरेको जनाई खन्नेपुर्ने कार्य नभएको जनाएको छ । | १५०००० |
| १६८।२०८१।३।२४ | वडा नम्बर ५ का लागि शैल्यशिखर मालिकार्जुन निर्माण सेवाबाट कोटेशनबाट पाइप खरिद गरि वितरण गरेको जनाई खर्च लेखेको ।उक्त पाइपहरु प्राविधिक विल तथा वितरणको भरपाई पेश गरेको छैन । | ८७२३६९ |
| १५२।२०८१।३।२३ | ठुलागैर खानेपानी मर्मत योजनाका लागि उपभोक्ता समितिबाट पाइप खरिद गरेको । | २७८९९७ |

९८ **विस्तृत परियोजना प्रतिवेदन**

८२।२०८०।१२।८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल र सार्वजनिक खर्चमा मितव्ययीता सुनिश्चित गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा नम्बर ३,५,६,७ र ८ पाँच वटा भवनहरुको DPR तयार गर्नका लागि जोशी इन्जिनियरिङ कन्सल्टेन्सीलाई रु. १५ लाख भुक्तानी गरेको छ । यसरी वडा कार्यालय भवन निर्माण गर्ने जस्ता सामान्य योजनाहरुको समेत डिपिआर तयार गरी खर्च लेखेको आवश्यकता र औचित्य पुष्टि हुन सकेन । पालिका व्यवस्थापनको अनुसार प्रदेश सरकारबाट वडा कार्यालय भवन निर्माणका लागि वजेट प्रस्ताव गर्नका लागि DPR तयार गरेको भन्ने भनाई रहेको छ ।

## ९९ **कृषि अनुदान**

९९.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल र सार्वजनिक खर्चमा मितव्ययीता सुनिश्चित गर्नुपर्ने उल्लेख छ ।

**क) गाई फर्म :** ९६।२०८०।१२।१५ श्री मनोकामना कृषि तथा पशुपंक्षी विकास फर्मलाई कार्यविधि तथा मापदण्ड बेगर नगरसभाबाट गोठ सुधार बापत रु. १० लाख र गाई भैसी खरिदका लागि रु. ५ लाख समेत रु. १५ लाख अनुदान दिएको छ । यसरी स्पष्ट मापदण्ड तयार नगरी, खुला सूचना प्रकाशन नगरी, प्रस्तावना लिएर सोझै नगर सभाबाट फर्मलाई अनुदान दिएको मनासिव देखिएन । पालिका व्यवस्थापनको अनुसार कृषक सूचीकरणबाट फर्म छनौट गरेको भनाई छ ।

**ख) माछा फर्म :** १५७।३।२३ लटिनाथ एग्रो सर्भिस माछा फर्मलाई कार्यविधि तथा मापदण्ड बेगर नगरसभाबाट स्पष्ट मापदण्ड तयार नगरी, खुला सूचना प्रकाशन नगरी, सोझै फर्मलाई अनुदान दिएको मनासिव देखिएन । पालिका व्यवस्थापनको अनुसार कृषक सूचीकरणबाट फर्म छनौट गरेको भनाई छ । माछा फर्मको स्थलगत निरिक्षण गर्दा पोखरीको साइट उपयुक्त भएको पाइएन । पोखरीको क्षेत्र विस्तार गर्नका लागि ठाँउ नभएको भिरालो जमीन भएको ठाँउमा (10*5) मिटरको साघुरो पोखरी निर्माण गरेको छ । पोखरीको किनाराको वाल जमिन माथी करिव ५ फिट सम्म उचाई भएको देखियो तर जमीनको सतहबाट करिब एक मिटर मात्र गहिराई हुने गरी वाल निर्माण गरेको हुँदा घामले पानी तातो हुन सक्ने देखिन्छ । यसरी पोखरीको हिस्सा जमीन मुनि भन्दा जमीनको सतह भन्दा माथी धेरै भएको हुँदा पानी संचित गर्न समेत कठिनाई हुने देखिन्छ । यस्तो संरचना भएको पोखरीमा माछाको लागि प्रतिकुल हुन सक्ने देखिन्छ । साथै माछा पोखरीकोको नजिकमा प्लम प्रोटेक्सन वाल निर्माण गरेको कारण पोखरीको काममा भन्दा अन्य कार्यमा बढि खर्च गर्नुपरेको देखियो । यस सम्बन्धमा जिम्मेवार व्यक्ती जवाफदेही हुनुपर्दछ । फोटो संलग्न छ ।



## ९९.२ **थोपा सिंचाई सहितको प्लाष्टिक घर निर्माण**

पालिकाको मिति २०८१।२।६ को नगर सभा बैठकबाट थोपा सिंचाई सहितको प्लाष्टिक घर निर्माण तथा कृषक पाठशाला समुह संचालन सम्बन्धी कार्यक्रम गर्ने निर्णय गरेको छ । पालिकाले पेश गरेको स्रेस्ता परिक्षण गर्दा देहायअनुसार देखियो:
पालिकाले निम्नानुसारका कृषक समूहहरुलाई वडा कार्यालयबाट कृषक सूचिकृत गराई वडाको सिफारिसमा अनुदान दिएको जनाएको छ ।

| क्रस | विवरण | पालिकाबाट अनुदान रु. | कृषकको योगदान रु. |
|---|---|---|---|
| १ | बलाँच जवत कृषक समूह वडा नं. १ | ९३७००० | १५०००० |
| २ | त्रिशक्ती महिला कृषय समूह वडा नं. २ | ९३७००० | १५०००० |
| ३ | भगवती कृषक समूह वडा नं. ३ | ९३७००० | १५०००० |
| ४ | श्री भुमिराज कृषक समूह वडा नं. ४ | ९६२००० | १५०००० |
| ५ | सल्लेधार पातल कृषि तथा पशुपंक्षी कृषक समूह वडा नं. ५ | ९३७००० | १५०००० |
| ६ | बालिचन्द कृषक समूह वडा नं. ६ | ९३७००० | १५०००० |
| ७ | लटिनाथ प्रगतिशील कृषक समूह वडा नं. ७ | ९६२००० | १५०००० |
| ८ | सामूहिक कृषक समूह वडा नं. ८ | ९६२००० | १५०००० |
| ९ | श्री बेतालेश्वर कृषक समूह वडा नं. ९ | ९१७००० | १५०००० |
|  | जम्मा | ८४८८०० | १३५०००० |

थोपा सिंचाई सहितको पोलि हाउस निर्माण कार्यको लागि कृषकहरुको योगदानका सम्बन्धमा पालिकामा नगदमानै रकम दाखिला नगराई कृषकको योगदान बापतको रकमबाट बाँस लगायत टहरा निर्माणका सामाग्री खरिद गरेको जनाई भरपाईहरु पेश गरेको हुँदा लाभग्रहीको श्रमदान एकिन हुन सकेन ।

**कृषि सामाग्री खरिद**

माथी तालिकामा उल्लेख भए अनुसार पालिकाले नगद अनुदान दिए पछी सो अनुदान रकमबाट कृषक समुहहरुले देहायअनुसारका फर्महरुबाट लागत अनुमान तयार नगरी, प्रतिस्पर्धा बेगर कृषि उपकरणहरु खरिद गरेको छ । आवश्यक पर्ने कृषि सामाग्रीहरु खरिद गर्ने प्रयोजनका लागि पालिकाले खरिद योजना बनाई, सावजनिक खरिद कानून अनुसार प्रतिस्पर्धा गराई खरिद गर्नुपर्नेमा कृषक समूहहरुलाई नगद अनुदान दिएर कृषक समूहहरुबाट खरिद गर्दा खरिद कार्य स्वच्छ, पारदर्शी र प्रतिस्पर्धी भएको सुनिश्चित हुन सकेन ।

| क्रस | विवरण | रकम रु. |
|---|---|---|
| १ | सिद्धिरिद्धि एग्रोटेक एण्ड मेशिनरी धनगडीबाट वडा नम्बर १,२,३,५ र ६ ले रु. ९२९९९७ को प्लाष्टिक टनेल टेक्पोलिन सिट स्प्रेयर पम्प हजारी सिकेचर मल्चिङ रोल लगायतका कृषि उपकरणहरु खरिद गरेको जनाई भुक्तानी गरेको छ । | ४६४९९८५ |
| २ | वडा नम्बर ९ को कृषक समुहले जोशी एग्रो फर्म कन्चनपुरबाट रु ९१७०००।को प्लाष्टिक टनेल टेक्पोलिन सिट स्प्रेयर पम्प हजारी सिकेचर मल्चिङ रोल लगायतका कृषि उपकरणहरु खरिद गरेको जनाई भुक्तानी गरेको छ । | ९१७००० |
| ३ | वडा नम्बर ४,७ र ८ का कृषक समुहहरुले चिराग ग्रीन ग्रो कनेक्टबाट प्लाष्टिक टनेल टेक्पोलिन सिट स्प्रेयर पम्प हजारी सिकेचर मल्चिङ रोल लगायतका कृषि उपकरणहरु खरिद गरेको जनाई भुक्तानी गरेको छ । | २७९९००० |
|  | जम्मा | ८३६५९८५ |

पालिकाले प्रतिस्पर्धा गराई कृषि सामाग्री खरिद गर्नुको सट्टा कृषक समूहहरुलाई नगद अनुदान दिएर कृषक समूहहरुले सोझै प्रतिस्पर्धा बेगर कृषि सामाग्री तथा उपकरणहरु खरिद गरेको हुँदा यस्तो खरिद स्वच्छ, पारदर्शी, मितव्ययी एवं लागत प्रभावी भएको सुनिश्चित भएन साथै पोलिहाउस निर्माणको लागत अनुमान तयार नगरी, प्राविधिक मूल्याङ्कन नगरी निर्माण कार्य गरेको हुँदा यस्तो खर्च नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ८३,६५,९८५ |

१०० **राजस्व आन्तरिक नियन्त्रण**

१००.१ **लगत अद्यावधिक गरी नराखेकोः** पालिकाले राजस्व बक्यौताको अभिलेखहरुको अद्यावधिक गरी राखेको देखिएन । अभिलेख नरहेकोले गत विगतमा के कति राजस्व बक्यौता रहेको विषयमा यकीन हुन सकिएन । पालिकाले गत विगतसहितको राजस्व बक्यौता अभिलेख अद्यावधिक गरी राजस्वको अभिलेख चुस्त दुरुस्त बनाउनुपर्दछ ।

१००.२ **म ले प फारमको प्रयोग नभएकोः** राजश्व आम्दानी गर्ने कार्यालयहरुले तोकिएका मलेप फारमहरु प्रयोग गर्नुपर्दछ। राजश्व तर्फ मलेप फारमहरु १०१ देखि ११५ सम्म तोकिएका छन। जस अनुसार दैनिक राजश्व/आम्दानी खाता १०२, गोश्वारा भौचर १०३, राजश्व आम्दानिको शीर्षगत खाता १०४, राजश्व आम्दानीको गोश्वारा खाता १०५, राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता १०६, राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता १०७, राजश्व आम्दानी बैंक नगदी किताब १०८, राजश्वको बैंक हिसाब मिलान विवरण १०९, राजश्व आम्दानीको आर्थिक विवरण/फाँटवारी ११०, करदाताको लगत १११, करदाताको गोश्वारा लगत फारम ११२, राजश्व आम्दानीको लगत र असुली प्रतिवेदन ११३, राजस्व आम्दानीको केन्द्रिय अभिलेख खाता ११४ र कोष अवस्थाको मासिक विवरण ११५ छन्। राजस्व आम्दानी गर्ने पालिका र वडा कार्यालयहरुको उपरोक्त फारमहरु प्रयोग गरेको पाइएन। फारमहरु प्रयोग नभएकोले रसिदबाट प्राप्त भएको आम्दानीको यकिन हुन सकिएन। तोकिएको मलेप फारम नं हरु प्रयोग गरी आम्दानीको अभिलेख चुस्त र दुरुस्त राख्नुपर्दछ।

१००.३ **रसिद नियन्त्रण खाताः** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । जिन्सीबाट वडालाई नगदी रसिद कति दिएको तथा कति रसिद पालिकामा बुझाएको सोको अभिलेख पालिकामा भएको देखिएन । बाँकी के कति छन यकीन गर्न सकिएन । यसले वडाको आम्दानी यथार्थ मान्न सकिने आधार देखिएन । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन हुनुपर्दछ ।अतः कार्यालयले आगामी दिनमा रसिद प्रयोग निरुत्साहित गर्दै सफ्टवेयरबाट राजश्व असुली गर्नेतर्फ ध्यानदिदैं राजश्व असूली सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

१०१ **कर असुली**

१०१.१ **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २४००००.०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्।पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१०१.२ **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन ।हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

१०१.३ **पर्यटन शुल्कः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, सङ्गालय जस्ता सम्पदा उपयोगको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने पर्यटन कर एकिन गरी असुल गर्नुपर्दछ ।

१०१.४ **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा

पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : शैल्यशिखर नगरपालिका, दार्चुला , शैल्यशिखर नगरपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरेन्द्रबहादुर बिष्ट | २०८१-६-४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Pushkar Singh Dhami | २०८०-६-२४ | २०८०-११-४ |
| कार्यालय प्रमुख | भोजराज भट्ट | २०८०-११-६ | २०८१-२-१ |
| कार्यालय प्रमुख | शेर बहादुर बुढा | २०८१-२-२ | २०८१-५-१८ |
| लेखा प्रमुख | शेर सिंह बिष्ट | २०८०-११-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Bijay kumar Bist | २०८०-६-२५ | २०८०-११-४ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,०६२,१८५ | १४,४२२,७८१ | २१,६२०,९००.६५ | ० | ० | २,५९८,५५० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४४,७०४,४१६.६५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ९२,१८१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४४,६१२,२३५.६५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १४७६४९५४.५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४०७७१४०३९ | चालु खर्च | ३९६८१०५०३.५ |
| प्रदेश सरकारबाट अनुदान | २३४८१२३६ | पूँजीगत खर्च | ११३३७३९०७ |
| राजश्व बाँडफाँट | ८२७९२४८७ | वित्तीय/अन्य व्यवस्था | ११५८९१३३०.९ |
| आन्तरिक आय | ४६९५२१२.० | | |
| अन्य आय | १०४३२८८३५.९ | | |
| कुल आय | ६२३०११८०९.९ | कुल खर्च | ६२६०७५७४१.४ |
| बाँकी मौज्दात | | ११७०१०२३ | |

## अनुसूची - २

## बेरूजु दफा ५८.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| भौ.न./मिति | कार्यक्रम र भुक्तानी पाउने | वेहोरा | भुक्तानी भएको रकम | मापदण्ड अनुसार हुनुपर्ने | बढी भुक्तानी (करकट्टी सहित) | कैफियत |
|---|---|---|---|---|---|---|
| २२९-०८१।३।२३ | लघुउद्यमी समूहलाई ७ दिने तालिम र अ.छैठौं भोजराज भट्ट | उक्त कार्यक्रममा ६९ जना सहभागी रहेका, मसलन्दबापत प्रति सहभागीका लागि रु.१००.० र प्रशिक्षण कार्यका लागि प्रति कार्यक्रम रु.२५००.० उल्लेख | ३९०८० | ९४०० | २९२३४ | सिप विकास तालिमको लागि लागत अनुमान तयार र स्वीकृत नगरेको, खाजा तथा मसलन्दबापतको टुक्रा पान विल पेश भएकोमा सम्बन्धित पार्टीलाई भुक्तानी नगरी अ.छैठौं भोजराज भट्टलाई भुक्तानी भएको, हलभाडाको रु.१४०००.० र गाडी भाडा बापत रु.१८०००.० को भरपाई पेश भएकोमा सम्झौता नगरेको तथा आधार स्पष्ट नदेखिएको, तालिम कुन मिति देखि कहिलेसम्म संचालन भएको सो नखुलेको र प्रतिवेदन समेत पेश नभएकोले तालिममा भएको खर्च यथार्थ हो भन्न सक्ने अवस्था नदेखिएको |
| | | खाजा बापत प्रति सहभागी रु.२००.० उल्लेख | १०४८१० | १३८०० | ९१०१० | |
| | | बाहिरी स्रोत व्यक्तिको हकमा ३० कार्यदिन सम्म मुख्य प्रशिक्षकलाई प्रतिदिन रु.७००.० र सहायक प्रशिक्षक लाई रु.५००.० का दरले भुक्तानी हुनुपर्नेमा ३ जना प्रशिक्षक राखि रु.१५००.० का दरले भुक्तानी भएकोमा कक्षाको तालिका र कार्यपत्र समेत पेश नभएको | २५५०० | १६८०० | १०००५ | |
| | | संयोजक भत्ता अधिकतम १५ कार्य दिनसम्म प्रतिदिन रु.४००.० का दरले भुक्तानी हुनुपर्नेमा रु.१५००.० का दरले भुक्तानी | २१००० | ५६०० | १३०९० | |
| | | विल जोड जम्मा रु.३३९०४०.० रहेकोमा भुक्तानी रु.३४९८९०.० भएको | ३४९८९० | ३३९०४० | १०८५० | |
| | | अनुगमन भत्ताबापत नगर प्रमुख, उपप्रमुख र प्र.प्र.अ. र फोकल पर्सन समेत ४ जनालाई २ दिन देखि ६ दिनसम्मको प्रतिदिन रु.१५००.० का दरले भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेश नभएकोले प्रतिवेदन पेश हुनुपर्ने | १८००० | ६००० | १०२०० | |
| | | बहालकर बापत करकट्टी नभएको | | | १८०० | |
| | | | | जम्मा | १६६१८९.० | |
| २३१-०८१।३।२३ | होजरी(सिलाई बुनाई) र चप्पल बनाउने १ महिने तालिम र अ.छैठौं भोजराज भट्ट | अनुगमन बापतको भरपाई सहिछाप नभएको | १६००० | ० | १४०२५ | सिप विकास तालिमको लागि लागत अनुमान तयार र स्वीकृत नगरेको, तालिमको लागि आवश्यक पर्ने ऊन, कपडा लगायत खरिदको टुक्रा पान विल पेश भएकोमा सम्बन्धित पार्टीलाई भुक्तानी नगरी अ.छैठौं भोजराज भट्टलाई भुक्तानी भएको, हलभाडाको रु.३००००.० र गाडी भाडा बापत रु.१६०००.० को भरपाई पेश भएकोमा सम्झौता नगरेको तथा आधार स्पष्ट नदेखिएकोले तालिममा भएको खर्च यथार्थ हो भन्न सक्ने अवस्था नदेखिएको |
| | | खाजा बापत रु.४५०००.० सहभागीलाई बुझाएको भरपाई पेश भएकोमा सो करकट्टी नगरेको | | | ६७५० | |
| | | बाहिरी स्रोत व्यक्तिको हकमा ३० कार्यदिन सम्म मुख्य प्रशिक्षकलाई प्रतिदिन का दरले भुक्तानी हुनुपर्नेमा रु.१५००.० का दरले भुक्तानी भएकोमा कक्षाको तालिका र कार्यपत्र समेत पेश नभएको | ४५००० | २१००० | २०४०० | |
| | | | | जम्मा | ४११७५.० | |
| | | | | **कुल जम्मा** | **२०७३६४** | |

## बेरूजु दफा ६३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| विद्यालयको नाम | निकासा हुनुपर्ने शत प्रतिशत रकम | पहिलो किस्ता निकाशा | दोस्रो किस्ता निकाशा | जम्मा निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| श्री मालिकार्जुन आधारभुत विद्यालय थला वडा.न १ | ७०३२९ | ५२७४७ | ३०००० | ८२७४७ | १२४१८ |
| श्री मालिकार्जुन आधारभुत विद्यालय सैनिबन वडा.न १ | ९७९२ | ७३४४ | ५००० | १२३४४ | २५५२ |
| श्री लटिनाथ आधारभुत विद्यालय वारीलव डा.न १ | ७८९४२ | ५९२०७ | २१०५७ | ८०२६४ | १३२२ |
| श्री कृष्ण मा.वि बलाच वडा.न १ | १९५६१५ | १४६७११ | ८८३९५ | २३५१०६ | ३९४९१ |
| श्री सिबसेटी प्रा.वि बारील वडा.न १ | १९००८ | १४२५६ | ५००० | १९२५६ | २४८ |
| श्री सत्यप्रकाश मा.वि देथला वडा.न २ | १५६८५९ | ११७६४४ | १४०००० | २५७६४४ | १००७८५ |
| श्री भुमिराज आ.वितौकी वडा.न २ | १३३४४० | १०००८० | ४५००० | १४५०८० | ११६४० |
| श्री जलदेवी आ.विरत्यौडा वडा.न २ | ८५८२७ | ६४३७० | २६००० | ९०३७० | ४५४३ |
| श्री लटिनाथ प्रा.वि विद्यालय छोला वडा.न २ | १२०९६ | ९०७२ | ५००० | १४०७२ | १९७६ |
| श्री जगन्था आधारभुत लुइटा वडा.न ३ | १२२६४० | ९१९८० | ३५००० | १२६९८० | ४३४० |
| श्री लटिनाथ आधारभुत विद्यालय दर्मा वडा.न ३ | १०८८०१ | ८१६०१ | २९४०१ | १११००२ | २२०१ |
| श्री मालिकार्जनु मा.वि काडपारी वडा.न ४ | २४४१९१ | १८३१४३ | ९५००० | २७८१४३ | ३३९५२ |
| श्री भुमिराज आ.वि तल्लो काडापारी वडा.न ४ | १०७०४६ | ८०२८५ | ९०००० | १७०२८५ | ६३२३९ |
| श्री लटिनाथ आ.वि ओसिल वडा.न ४ | ३१६८० | २३७६० | २५००० | ४८७६० | १७०८० |
| श्री जनप्रिया आ.वि रातापानी वडा.न ४ | ३२२५६ | २४१९२ | १००११ | ३४२०३ | १९४७ |
| श्री भुवनेश्वर आ.वि सल्लेधार वडा.न ४ | ९२१६ | ६९१२ | ८००० | १४९१२ | ५६९६ |
| श्री नबोदय आ.वि काडाँपारी वडा.न ४ | २४७६८ | १८५७६ | ८५२७ | २७१०३ | २३३५ |
| श्री जगन्था आधारभुत बजानी वडा.न ५ | २९३७६ | २२०३२ | ८००० | ३००३२ | ६५६ |
| श्री भागरथी आ.वि सेतकला वडा.न ५ | ९१५७५ | ६८६८१ | ३०००० | ९८६८१ | ७१०६ |
| श्री मालिकार्जुन मा.वि आगर वडा.न ५ | २४८१६९ | १८६१२७ | १२०००० | ३०६१२७ | ५७९५८ |
| श्री पशुतिभवव मा.वि ग्वानी वडा.न६ | २७३८५८ | २०५३९४ | २१०००० | ४१५३९४ | १४१५३६ |
| श्री मालिकार्जनु प्रा.वि किडेपातल वडा.न ६ | १६१२८ | १२०९६ | १५००० | २७०९६ | १०९६८ |
| श्री शैल्यशिखर प्रा.वि उल्लानी वडा.न ६ | ३३९८४ | २५४८८ | २०००० | ४५४८८ | ११५०४ |
| श्री मालिकार्जनु मा.वि मिलमिली वडा.न ६ | १६४०७९ | १२३०५९ | १९०००० | ३१३०५९ | १४८९८० |
| श्री भैरबनाथ आ.वि दोबाटाँ वडा.न ७ | १३२४८ | ९९३६ | १५००० | २४९३६ | ११६८८ |
| श्री बद्रिनाथ मा.वि बोहरी गाउँ वडा.न ७ | १३५३५६ | १०१५१७ | ५०९९७ | १५२५१४ | १७१५८ |
| श्री मालिकार्जनु आ.वि रिम्बाटा वडा.न ८ | २४१९२ | १८१४४ | ७००० | २५१४४ | ९५२ |
| श्री सृजनसिल आ.वि सुपले वडा.न ७ | १४९७६ | ११२३२ | ५००० | १६२३२ | १२५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| श्री मालिकार्जनु आ.वि मल्चौरा वडा.न ८ | ३९१६८ | २९३७६ | २०००० | ४९३७६ | १०२०८ |
| श्री गलैनाथमा.विझरकाडा वडा.न ८ | १७०१८६ | १२७६४० | १३०००० | २५७६४० | ८७४५४ |
| श्री गोकुलेश्वर मा.वि गोकुले वडा.न ९ | २५४४१३ | १९०८१० | १६६८६२ | ३५७६७२ | १०३२५९ |
| श्री गलैनाथ बैतालेशवर प्रा.वि नायल वडा.न ९ | १८४३२ | १३८२४ | ५००० | १८८२४ | ३९२ |
| बैतालेश्वर आ.वि नायलनक्तड वडा.न ९ | ९१३२० | ६८४९० | ३०००० | ९८४९० | ७१७० |
| श्री लटिनाथ आ.वि धानाखेती वडा.न ३ | १४४०० | १०८०० | ५१०७ | १५९०७ | १५०७ |
| | | | | जम्मा | ९२५५१६ |

## बेरूजु दफा ७१ सँग सम्बन्धित विवरण - अनुसूची -५

| क.सं. | विद्यालयको नाम | बढी निकासा |
|---|---|---|
| १ | श्री मालिकार्जुन आधारभुत विद्यालय थला वडा. न १ | १५००० |
| २ | श्री सत्य प्रकाश मा.वि देथला वडा.न २ | १५००० |
| ३ | श्री लटिनाथ प्रा.वि विद्यालय छोला वडा.न २ | ६५०० |
| ४ | श्री जगन्था आधारभुत लुइटा वडा.न ३ | १२५०० |
| ५ | श्री भुमिराज आ.वि तल्लोकाडा पारी वडा.न ४ | १०००० |
| ६ | श्री भुवनेश्वर आ.वि सल्ले धार वडा.न ४ | ५००० |
| ७ | श्री पशुतिभवव मा.वि ग्वानी वडा.न ६ | १०००० |
| ८ | श्री शैल्यशिखर प्रा.वि उल्लानी वडा.न ६ | १०००० |
| ९ | श्री मालिकार्जनु मा.वि मिलमिली वडा. न ६ | २०००० |
| १० | श्री भैरबनाथआ.विदोबाटाँवडा.न७ | ९००० |
| ११ | श्री बद्रिनाथ मा.वि बोहरी गाउँ वडा. न ७ | ११००० |
| १२ | श्री सृजनसिल आ.वि सुपले वडा.न ७ | ७५०० |
| १३ | श्री मालिकार्जनु आ.वि मल्चौरा वडा.न ८ | १२५०० |
| १४ | श्री गलैनाथ मा.वि झरकाडा वडा.न ८ | ११००० |
| | जम्मा | १५५००० |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।